म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १४ अंक ८ मंगलबार २२ साउन २०८१ ने. सं. ११४४ गुँलाथ्व 6 August 2024 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## झम्केश्वर मन्दिर परिसर सरसफाई

हेटौंडा, २१ साउन/थाहा जीवनयोग प्रयोगशालाको पहलमा थाहानगरको प्रसिद्ध धार्मिकस्थल झम्केश्वर महादेव मन्दिर जाने बाटो तथा मन्दिरपरिसर सरसफाइ गरिएको छ । १९ साउनमा योगविज्ञान प्रयोगशालाका योगगुरु देवेन्द्र रुपाखेतीको अगुवाईमा मन्दिर प्रवेश गर्ने प्रवेशद्वार झम्केश्वरी माध्यमिक विद्यालयदेखि मन्दिर परिसरसम्म सफाइ गरिएको हो ।

सरसफाई कार्यक्रममा अर्चना बाबाधामका भक्तजनहरुको पनि सहभागिता थियो । ५० जना योगसाधकको सहभागितामा बाटो तथा मन्दिर सफाइ गरिएको थाहा जीवनयोग प्रयोगशालाका अध्यक्ष बिमलकुमार ढकालले बताए । श्रावण महिनाभर प्रत्यक साता नगरका विभिन्न मन्दिर परिसर सरसफाइ गर्ने योजना रहेको योगगुरु रुपाखेतीले जानकारी दिए ।

# मकवानपुरमा 'फाष्ट ट्र्याक'को धेद्रे सुरुङ दुवैतर्फ छेडियो

साझाकुरा संवाददाता

हेटौंडा, २१ साउन/ राज्यको उच्चप्राथमिकतामा परेको परियोजनाका रुपमा मकवानपुरको बकैया गाउँपालिकामा पर्ने काठमाडौं-तराई द्रुतमार्ग (फाष्ट ट्र्याक)को धेद्रे सुरुङ दुवैतर्फ 'ब्रेक थ्रु' अर्थात् छेडिएको छ ।



सोमबार प्रधानमन्त्री केपी शर्मा ओलीले विस्फोटक पदार्थको स्वीच थिचेर 'ब्रेक थ्रु' गरेका हुन् । धेद्रेको ब्रेक थ्रु भएसँगै पोलिछ्ङ्दादा निर्माण कम्पनीले ठेक्का लिएको प्याकेज नम्बर दुईका सबै सुरुङ वारपार छेडिएको छ । यसअघि बकैया गाउँपालिकामै पर्ने लेनडाँडाका दुबै सुरुङको गत जेठमै ब्रेक थ्रु भइसकेको थियो । बाँकी रहेको काठमाडौं-निजगढ तर्फको धेद्रे सुरुङ पनि सोमबार छेडिएको हो ।

पछिल्लो वर्षमा नेपालको जलविद्युत, सडक, सिंचाई जस्ता विकास आयोजनाको सुरुङ निर्माण गर्ने कार्यले तीब्रता पाएको छ । भेरी-बबै डाइभर्सन, सुनकोशी-मरिण डाइभर्सनको सुरुङ खन्ने काम भने अत्याधुनिक प्रबिधियुक्त टनेल बोरिङ मेशिन 'टीबीएम' प्रयोग गरिएको थियो । तर, नौबिसे-नागढुँगा सुरुङ र द्रुतमार्गका सुरुङ खन्ने काम भने टीबीएम प्रयोग भएका छैनन् ।

द्रुतमार्गको धेद्रे सुरुङ ब्रेक थ्रु कार्यक्रममा प्रधानमन्त्रीको साथमा अर्थमन्त्री विष्णु पौडेल प्रधानसेनापति प्रभुराम शर्मा, चिनियाँ र कोरियन राजदूतहरु सहभागी थिए । ७० दशमलव ९ सय ७७ किलोमिटर लामो द्रुतमार्गमा कुल १० दशमलव ३ सय ९ किलोमिटर सुरुङमार्ग रहेको छ । यसमध्ये धद्रे सुरुङ १ हजार ६ सय ९१ मिटर लामो छ । यस आयोजनामा ६ स्थानमा सुरुङ बन्दैछन् ।

महादेवटारमा काठमाडौं छिर्ने र काठमाडौंबाट निजगढ जाने २ वटा सुरुङ खनिँदैछ । काठमाडौंबाट निजगढततर्फ आउने सुरुङ ३ हजार ३ सय ८६ मिटर मध्ये २ हजार २ सय ८८ मिटर खनेर सकिएको छ । त्यस्तै निजगढबाट काठमाडौंतर्फ आउने सुरुङको ३ हजार ३ सय २२ मिटर मध्ये २ हजार २९ मिटर खनिएको छ । सैनिकप्रवक्ता एवम् सहायकरथी गौरवकुमार केसीका अनुसार ६ सुरुङमध्ये ३ वटाको ठेक्का लागेर काम भइरहेको छ ।

जसमध्ये सबैभन्दा लामो ३ हजार ३ सय ५५ मिटर लामो सुरुङ महादेवडाँडामा बन्दैछ । जसको ६५ प्रतिशत काम सम्पन्न भइसकेको नेपाली सेनाले जनाएको छ । महादेवडाँडा पनि मकवानपुरको भीमफेदी गाउँपालिकामा पर्दछ । द्रुतमार्गको तीनवटा मुख्य सुरुङ मकवानपुर जिल्लामै पर्दछ । द्रुतमार्ग आयोजनाको समष्टिगत प्रगति भने ३५ दशमलव ३८ प्रतिशत पुगेको सेनाले जानकारी दिएको छ ।

२१ बैशाख २०७४ को मन्त्रीपरिषद् निर्णयअनुसार काठमाडौं-तराई द्रुतमार्ग निर्माण व्यवस्थापनको जिम्मा नेपाली सेनालाइ दिएको हो । जसलाई सेनाले विभिन्न प्याकेजमा ठेक्का लगाएर काम गरिरहेको छ । अहिले ६ दशमलव ५ किलोमिटरदेखि ७० दशमलव ९ सय ७७ किलोमिटर सड्क खण्डमा काम भइरहेको छ । तर, सुरुवाती बिन्दुबाट ६ दशमलव ५ किलोमिटर खण्डमा भने विवादका कारण काम सुरु हुन नसकेको सेनाले जनाएको छ । ललितपुरको खोकनाबाट बाराको निजगढ निस्कने गरी द्रुतमार्ग बन्दैछ । जसको अधिकांश भूभाग मक्वानपुरमा पर्दछ ।

त्यस्तै ८९ पुलमध्ये ८५ वटाको ठेक्का व्यवस्थापन भएर काम भइरहेको छ । बाँकी ४ वटा पुल खोकना खण्डमा पर्ने भएकाले ठेक्का हुन सकेको छैन । अहिलेसम्म ठेक्का भएकामध्ये ५ वटा पुलको निर्माण सकिसकेको छ ।

**द्रुतमार्गले गलत भाष्यलाई खण्डन गरेको छ : प्रधानमन्त्री ओली**

प्रधानमन्त्री केपी शर्मा ओलीले ब्रेक थ्रुपछि आयोजित कार्यक्रमलाई सम्बोधन गर्दै नेपालमा केही भएन भन्ने भाष्य खडा गर्न खोजिएको उल्लेख गर्दै द्रूतमार्गको सुरुङ निर्माणले त्यसलाई खण्डन गरेको बताएका छन् ।

मुलुकमा नयाँ प्रविधियुक्त ढंगले लामा सुरुङ निर्माणमा 'ब्रेक थ्रु' एउटा महत्वपूर्ण कार्य भएको प्रम ओलीले बताए । राष्ट्रिय गौरवको काठमाडौं-तराई/मधेस द्रुतमार्गस्थित घट्टेपाँखा-धेद्रे सुरुङको 'ब्रेक थ्रु' कार्यक्रमलाई सम्बोधन गर्दै उनले नेपाल सुरुङयुगसगैं नयाँयुगमा प्रवेश गरेकाले अब यो विकास निर्माणको गति नरोकिने दृढता व्यक्त गरे ।

विगतमा जुन रफ्तारमा विकास हुनुपर्ने त्यो नभएको र अब विकासको नमूना यो द्रुतमार्ग हुने ओलीको भनाई छ । द्रुतमार्ग अघि बढाउने सन्दर्भमा देखिएका बाधा व्यवधानलाई समाधान गर्न सरकार तयार रहेको उनले बताए । सांस्कृतिक अन्तरघुलन, राष्ट्रिय अर्थतन्त्रको सुदृढीकरण र पर्यटन उद्योग प्रवर्द्धन गर्न मुलुकको आत्मविश्वासको दृष्टान्तकारुपमा द्रुतमार्ग भएको बताउँदै प्रधानमन्त्री ओलीले देशमा पूर्णशान्ति र भयरहित वातावरण बनाउन प्रतिबद्ध रहेको धारणा राखे ।

उनले देश विकास होस्, नागरिकको जीवनस्तर माथि उठोस्, सुखी नेपाली र समृद्ध नेपालका राष्ट्रिय आकांक्षा पुरा होस् भन्ने दृष्टिकोणले सरकारले काम गरिरहेको उल्लेख गरे । अप्टिकल फाइबर, फोर जी इन्टरनेटलगायत सेवा सबै जिल्लामा पुऱ्याउने काम अघि बढिरहेको बताउँदै प्रधानमन्त्री ओलीले द्रुतमार्गलगायत पूर्वाधारले यस्ता कार्यक्रमलाई सहयोग पुऱ्याउने बताए ।

# हेटौंडा सिटी कलेजका कानुन संकायका विद्यार्थी उत्कृष्ट


साझाकुरा संवाददाता

हेटौंडा, २१ साउन/ हेटौंडा उपमहानगरपालिका-५ पिप्लेस्थित हेटौंडा सिटी कलेजका कानून संकायका विद्यार्थीले उल्लेखनीय सफलता हासिल गरेका छन् ।

कलेजकी विद्यार्थी मधुमिता यादवले ३.६६ जिपिए प्राप्त गरी जिल्लामै उत्कृष्ट नतिजा ल्याएकी छिन् । कलेजले शतप्रतिशत उत्तीर्णदर हासिल गरेको खुशीयालीमा सोमबार हेटौंडाबजार परिक्रमा गरेको छ । प्रभातफेरीले सहरका प्रमुख चोकहरु परिक्रमा गरेको हो । कलेजका प्रशासनप्रमुख सुमन्त सिलवालका अनुसार, विसं २०७९ देखि कक्षा ११ र १२ मा अंग्रेजी माध्यमबाट कानून संकाय सञ्चालन गरिएको हो ।

'पहिलो वर्षमै १० जना विद्यार्थीलाई अध्यापन गराउँदा जिल्लामा उत्कृष्ट र शतप्रतिशत नतिजा हासिल गर्न सफल भयौं,' उनले भने । एक विद्यार्थीले ए प्लस र दुईजनाले ए ग्रेड प्राप्त गरेका छन् । कानुन संकायका प्रमुख हेमन्त ढुंगेलले मकवानपुरमा अंग्रेजी माध्यमबाट कानुन अध्यापन गराउने एकमात्र कलेज भएको बताए । उनले आगामी दिनमा पनि शतप्रतिशत नतिजा ल्याउने लक्ष्य राखेको जानकारी दिए ।

यो सफलताले हेटौंडा सिटी कलेजको शैक्षिक गुणस्तर र प्रतिबद्धतालाई प्रतिबिम्बित गरेको छ, जसले स्थानीय स्तरमा गुणस्तरीय कानुनी शिक्षाको उपलब्धतालाई सुनिश्चित गरेको ढुंगेल बताउँछन् ।




# उद्योग वाणिज्य संघले मनायो स्थापना दिवस

साझाकुरा संवाददाता

हेटौंडा, २१ साउन/ मकवानपुर उद्योग वाणिज्य संघले ५८ औं स्थापना दिवस सोमबार मनाएको छ । २०२३ साउन १८ गते संघ स्थापना भएको थियो ।

संघले हेटौंडा-२ स्थित आफ्नो कार्यालयमा दीपप्रज्वलन गरी स्थापना दिवस मनाएको छ । स्थापना दिवसको अवसरमा संघले थप दुईवटा कार्यक्रम सम्पन्न गरेको छ ।

हेटौंडा-२ स्थित ओम बृद्धाश्रमलाई नयाँ कम्प्युटर सेट सहयोग गरेको छ भने हेटौंडा-११ स्थित सीएमसी चुरेहिल हस्पिटलसँग संघका सदस्यहरुका लागि औषधिमा ७ प्रतिशत र उपचारमा २० प्रतिशत छुट सुविधाको विषयमा सम्झौता गरेको छ ।

ओम बृद्धाश्रमका अध्यक्ष सिद्धिलाल श्रेष्ठले आश्रममा खाद्यसामग्री सहयोग आउने गरेको भएपनि कार्यालय व्यवस्थापनको लागि कम्प्युटर आवश्यक भइरहेको सन्दर्भमा आश्रमको आवश्यतालाई मध्यनजर गरी प्रदान गरिएको सहयोगप्रति धन्यवाद व्यक्त गरे । उनल आश्रममा कुल ४२ जनाको लागि आश्रयक्षमता रहेकोमा हाल १६ पुरुष र ९ महिला गरी २५ जना ज्येष्ठनागरिक आश्रित रहेको जानकारी दिए ।

सीएमसी चुरेहिल हस्पिटलका अध्यक्ष प्रभात देवकोटाले हाल सीएमसी चुरेहिल हस्पिटलले प्रविधियुक्त उपकरणहरु थप्दै गएको, चितवन मेडिकल कलेज (सीएमसी) हस्पिटलको भगिनी संस्थाको रुपमा यस संस्था रहेको बताए । उनले चितवनबाट विशेषज्ञ डाक्टर हेटौंडा आएर उपचारसेवा दिइरहेको, दक्ष डाक्टरबाट हेटौंडामा नियमित उपचार भइरहेको दावी गरे ।

सम्झौतासँगै संघका सदस्यले पाउने छुटसुविधा चितवन सीएमसी हस्पिटलमा पनि पाउने उनले जानकारी दिए ।

**ई-रिक्साको पुरानो सामान बिक्रीसम्बन्धी जरुरी सूचना**

ई-रिक्सा (मयुरी) को पुराना पार्टपूर्जाहरु टायर, डिक्स, मोटर, चार्जरलगायत विभिन्न सामानहरु बिक्रीमा रहेकोले खरिद गर्न इच्छुकहरुले तुरुन्त सम्पर्क गर्नुहोला ।

७०% बैंकिङ सुविधा

सम्पर्क:
भेष खड्गी
९८५५०६८८७३, ९८४५४५७५०७

**सम्पूर्ण ब्राण्डका गाडी**
**एकै ठाउँमा सम्पूर्ण सेवासहित**

- कार वास भित्र/बाहिर
- वायरिङ मर्मत
- मेशिनद्वारा A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- हेटौंडामै पहिलो पटक $N_2$ (Nitrogen) हावा टायरमा भरिने
- इन्जिनसम्बन्धी सबै काम



**Himalayan Motors Pvt.Ltd.**
हेटौंडा, चौकीटोल, सम्पर्क नं.: ०५७-५९०३३३

**ड्राइभिङ्ग सिक्ने तयारीमा हुनुहुन्छ ?**

अब निराश नहुनुहोस्...

हामी कहाँ जतिसुकै नजान्ने भएपनि दक्ष तथा अनुभवी प्रशिक्षकद्वारा गाडी सिकाइनुका साथै लाइसेन्स परीक्षा र ट्रायल सहजै पास गर्न सक्ने गरी ड्राइभिङ्ग प्रशिक्षण दिइन्छ ।

**हाम्रा विशेषताहरु:**

- अनलाइन फर्म भर्ने सुविधा ।
- रोड टेस्ट गराइन्छ ।
- दक्ष प्रशिक्षकहरुद्वारा प्रशिक्षण ।
- लाइसेन्स ट्रायलको प्राविधिक ज्ञान दिइन्छ ।
- गाडीको पार्टपूर्जासम्बन्धी सम्पूर्ण ज्ञान दिइन्छ ।



प्रबन्ध निर्देशक: टिका कुमारी दुलाल

**के. के. ड्राइभिङ्ग प्रशिक्षण केन्द्र**

हेटौंडा-१, चौकीटोल (हिमालयन मोटर्स अगाडि)
सम्पर्क: ९८४५१७९४१५, ९८१७२८४६१४, ९८४५९२७०५७

साझाकुरा

## हाम्रो कुरा

# सुरुङ युग र चुरिया सुरुङ

पछिल्लो समय नेपालमा सुरुङ खन्ने कार्यमा निकै सफलता मिल्दै गएको छ । भेरी-बबै डाइभर्सन, सुनकोशी-मरिण डाइभर्सन, नागढुँगा-थानकोट सुरुङमा नेपालले राम्रो सफलता पाएको हो । निकै लामो सयम लगाएरै भएपनि मेलम्ची खानेपानीको सुरुङमा पनि नेपालले सफलता पाएको हो । भेरी-बबै डाइभर्सन, सुनकोशी-मरिण डाइभर्सनको सुरुङ खन्ने काम भने अत्याधुनिक प्रबिधियुक्त टनेल बोरिङ मेशिन 'टीबीएम' प्रयोग गरिएको थियो । त्यसो त चार दसक अघि निर्माण गरिएको कुलेखानी जलविद्युत आयोजनाको पावर हाउस पनि सुरुङ भित्रै स्थापना गरी नेपालले सफलता पाएको थियो । आज सोमबार पनि प्रधानमन्त्री केपी शर्मा ओलीले मकवानपुरको बकैयामा ब्रेक थ्रु गरिएको फास्ट ट्र्याकको धेद्रे सुरुङको अवलोकन गरेका छन् । फस्ट ट्र्याकमा रहेको १० वटा सुरुङमध्ये ६ वटा सकिएको छ । अब ४ वटामध्य पनि २ वटाको काम ६५ प्रतिशत सकिएको बताइएको छ । नेपाल सुरुङ युगमा प्रबेश गरेको अनुभूति दिलाउने गरी फास्ट ट्र्याकमा काम भइरहेको छ ।

त्यसो त दक्षिण एसियामै पहिलो सुरुङ मकवानपुरमै बनेको थियो । चुरियामाई मन्दिर नजिकैको डाँडोलाई एकसताब्दि अघि नै सुरुङ खनेर सवारी साधन चलाइएको थियो । इतिहास बनेको त्यही सुरुङ संरक्षण गर्न बागमती प्रदेश सरकारले पुन:निर्माण गरेको छ । पुननिर्माण भएको पाँच महिना बितिसक्दा पनि गाडी गुड्न प्रयोग हुने दक्षिण एसियाकै पहिलो मानिएको चुरियामाई सुरुङ सञ्चालनमा आउन सकेको छैन । एक सयवर्ष भन्दा बढी पुरानो यो सुरुङलाई बागमती प्रदेश सरकारले गाडी गुडाउन नभई ऐतिहासिक पर्यटकीय क्षेत्रको रुपमा पुननिर्माण गरेको हो । चुरियामाई सुरुङ सर्वसाधारण पर्यटकका लागि खुला नगरिएको हो । प्रदेश सरकारले हेटौंडा उपमहानगरपालिकालाई हस्तान्तरण नगरेका कारण सुरुङका दुवैतर्फका ढोका बन्द रहेको जनाइएको छ । प्रदेश सरकारको भौतिक पूर्वाधार विकास मन्त्रालयले सुरुङको जीर्णोद्धार कार्य गरेर गत फागुन २०८० को अन्तिम साता सकेको थियो । प्रदेश सरकारले उपमहानगरलाई हस्तान्तरण गर्ने र उपमहानगरले चुरियामाई संरक्षण विकास समितिलाई हस्तान्तरण गर्नुपर्ने कार्य भएको छैन । उपमहानगरलाई हस्तान्तरण भएपछि सम्बन्धित समितिलाई सञ्चालनका लागि हस्तान्तरण गरिने बताइएको छ । ऐतिहासिक सुरुङ खुला गर्न सकेमा अवलोकनका लागि आन्तरिक एवम् बाह्य पर्यटक आउने थिए । सुरुङको दुवैतर्फका ढोका बन्द भएकाले यहाँ आइपुगेका पर्यटकहरु बाहिरबाटै नियालेर फर्किने गरेका छन् । तत्कालीन राणा प्रधानमन्त्री चन्द्रशमशेरको पालामा सन् १९१७ मा भारतबाट आउने साना सवारी प्रवेशका लागि सुरुङ निर्माण गरिएको थियो । चुरेको डाँडा छिचोल्न नेपालका प्रथम ग्राजुएट इन्जिनियर डिल्लीजंग थापाको नेतृत्वमा सुरुङ खनिएको हो । मुलुककै ऐतिहासिक सुरुङको बीच भाग भासिएर अत्यन्त जोखिम अवस्थामा रहेको थियो ।

ऐतिहासिक महत्वको सुरुङमार्ग परिसरलाई उत्कृष्ट पर्यटकीय गन्तव्यको रुपमा विकास गर्ने लक्ष्यसहित यातायात पूर्वाधार निर्देशनालय हेटौंडाले सुरुङ पुन:निर्माणको लागि बोलकबोलअनुसार कुल ३ करोड ३६ लाख १३ हजार रुपैयाँमा माउन्टेन इन्फ्रा कम्पनी लिमिटेड काठमाडौंसँग सम्झौता गरेको थियो । यही सम्झौता अनुसार सुरुङको चौडाइ साढे २ मिटर र उचाइ ३ फिट हुने गरी पहिलेकै स्वरुपमा पुन:निर्माण गरिएको छ । हेटौंडा उपमहानगरपालिका-१५ स्थित चुरियामाई मन्दिरसँगै सुरुङमार्ग अवस्थित छ । करिब २२५ मिटर लामो सुरुङ मार्गलाई प्रदेश सरकारले उच्चप्राथमिकतामा राखेर जीर्णोद्धार कार्य गरेको हो । २०७९ वैशाख १९ गतेसम्म १९८ मिटर लम्बाईको सुरुङमार्ग पुन:निर्माण गर्ने भनिए पनि विविध कारणले निर्धारित समयभन्दा एक वर्षपछि मात्र सुरुङमार्गको काम सकिएको हो । सुरुङ सञ्चालनको मोडालिटी बारे छलफल भइरहेको यातायात निर्देशनालयले बताएको छ । सुरुङमार्ग सञ्चालनका लागि स्थानीय तह तथा सञ्चालन समिति निर्माण गरी हस्तान्तरण गर्ने निर्देशनालयको तयारी छ । निश्चित मापदण्ड तयार गरी सुरुङमार्ग सर्वसाधारणका लागि खुला गरिने बताइएको छ । सुरुङमार्ग तत्कालीन प्रविधिसँगै माटो, इँटा, चुना र सुर्की प्रयोग गरी निर्माण गरिएको छ । ७०० मिटर लम्बाइ, ९ फिट चौडाइ र १० फिट उचाइ रहेको सुरुङमार्गको मालवाहक सवारी 'लहरी' छिर्ने आकारमा निर्माण गरिएको थियो । एक दशकसम्म सुरुङमार्ग हुँदै साना हलुका सवारी साधन आवतजावत गरे । पथलैया-हेटौंडा सडक निर्माण भएपछि यो सुरुङ सञ्चालनमा आउन छाड्यो ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

| मकवानपुर प्रहरी | | एम्बुलेन्स सेवा | |
|---|---|---|---|
| प्रहरी कन्ट्रोल: | १०० | नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| जिल्ला ट्राफिक: | ५२०५९९ | हेटौंडा अस्पताल: | ५२०३०५ |
| वडा प्रहरी: | ५२०२९९ | परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| पशुपतिनगर इलाका: | ५२०५९८ | मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| पालुङ इलाका: | ६२०४६७ | छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| मनहरी इलाका: | ९८५५०९०१६१ | भीमफेदी रेडक्रस: | ६२०६९९ |
| इलाका फापरबारी: | ६२१९८० | पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| इलाका भीमफेदी: | ६९१४६२ | बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ | सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ | बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| चित्लाङ चौकी: | ६९२००० | बारुण यन्त्र: | १०१ |
| चौघडा चौकी | ९८४४०५४६०४ | बाल हेल्पलाइन नेपाल: | १०९८ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ | माइती नेपाल: | ५२१०५० |
| फाखेल चौकी: | ९८४५०३१३९८ | अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ | | |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८१ साउन २३ गते बुधबार ७ अगष्ट २०२४ । तृतीया, श्रावण शुक्लपक्ष । गुँलाथ्व ११४४ ने.सं. । सूर्योदय ५:३१, सूर्यास्त ६:४७ ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : विवाद बढ्न सक्नेछ | **तुला** | : शुभ समाचार सुन्न पाइनेछ |
| **वृष** | : उत्साह कम हुनेछ | **वृश्चिक** | : मान सम्मान पाउन सकिनेछ |
| **मिथुन** | : कार्य-सिद्धिबाट सुख मिल्नेछ | **धनु** | : मन खिन्न हुन सक्नेछ |
| **कर्कट** | : उदर-विकार हुन सक्नेछ | **मकर** | : व्यापार व्यवसायबाट लाभ हुनेछ |
| **सिंह** | : परिवारमा उन्नति हुनेछ | **कुम्भ** | : राजनीतिमा सफलता मिल्नेछ |
| **कन्या** | : काममा रोकावट आउन सक्नेछ | **मीन** | : काममा विलम्ब हुनेछ |

# संक्रमणकालीन न्यायमा सहमति : पीडित केन्द्रित छ कि पीडक ?



✍ चरण प्रसाई

१७ साउन २०८१ मा सत्य निरुपण तथा मेलमिलाप सम्बन्धी संशोधन विधेयकमा तीन सदस्यीय कार्यदल सहमतिमा पुगेको सार्वजनिक जानकारीमा आएको छ । कानुन, न्याय तथा मानवअधिकार संसदीय समितिमा संशोधन विधेयकका चार विवादित विषयमा सहमति भएको समाचार सार्वजनिक भएको छ ।

गृहमन्त्री तथा नेपाली कांग्रेसका नेता रमेश लेखक, एमालेका प्रमुख सचेतक महेश बर्तौला र माओवादी केन्द्रका नेता जनार्दन शर्मा यसबाट उत्साहित देखिए पनि । उनीहरूले 'पीडित केन्द्रित' भएर विवादित सवाल टुंग्याएको बताए । यसलाई केही राष्ट्रिय सञ्चारमाध्यमले 'ब्रेक थ्रु' भएको भनेका छन् ।

तर, धरातलीय वास्तविकता फरक छ । भनिएको चार विवादमा भएको सहमति 'पीडक केन्द्रित' हो । कार्यदलले उल्लेख गरेका विषय पीडकलाई कसरी जोगाउन सकिन्छ भन्ने मनसायबाट प्रेरित छन् । किनभने प्रस्तावित विधेयकमा पीडितका मुख्य सरोकार समेटिएको छैन । यस्तै पीडित पक्षले विरोध गरेको मानवअधिकारको गम्भीर उल्लंघन र मानवअधिकार उल्लंघनको वर्गीकरण सम्बोधन भएको छैन । अक्षम्य अपराधलाई पनि मानवअधिकार उल्लंघनको वर्गमा राखेर सामान्यीकरण गरिएको छ । यसमा 'पीडित र पीडक बीच मेलमिलाप गर्न सकिने' प्रस्ताव गरिएको छ, जुन आपत्तिजनक छ ।

जस्तो कि हत्या, यौनजन्य हिंसा, यातना, अपहरण तथा शरीर बन्धक, अङ्गभङ्ग वा अपाङ्ग बनाउने कार्य, अन्तर्राष्ट्रिय मानवअधिकार वा मानवीय कार्य विपरीत गरिएका जुनसुकै कार्यलाई समेत प्रस्तावित विधेयकमा क्षमा हुनसक्ने भनेको छ । यी अपराधलाई सामान्य मानेर 'मानव अधिकारको उल्लंघन'को परिभाषामा राखिएको छ । जबकि यी अपराध अक्षम्य एवं गम्भीर मानवअधिकार उल्लंघन हुन् ।

हतियार बोकेका माथि भएको बलात्कारलाई विधेयकले सम्बोधन गर्दैन । बाल लडाकुको प्रयोग र सुरक्षाकर्मी वा हतियारधारी समूहलाई नियन्त्रणमा लिई दिइएको यातना वा हत्या जस्ता युद्ध अपराधलाई न्यायको दायरामा ल्याएको छैन । यसलाई परिपूरणमा सीमित गरेको छ । त्यसैगरी गैरराज्य पक्षबाट भएका यातनालाई विधेयकले समेट्दैन । कारबाही गर्ने 'प्रचलित कानुन'को (मुलुकी अपराध संहिता २०७४) दायरामा तिनी पर्दैनन् ।

कानुन, न्याय तथा मानवअधिकार समितिको कार्यदलले विवादित ४ विषयमा सहमति जुटाएको छ । यिनमा (क) क्रूर यातना दिई वा निर्ममतापूर्वक ज्यान मारेको बदलामा 'मनसायपूर्वक वा स्वेच्छाचारी हत्या' लेख्ने (ख) सुरक्षाकर्मी परिवार तथा बहिर्गमित लडाकु (बाल लडाकु समेत) लाई परिपूरण दिने (न्यायको दायरामा नपार्ने) विषय छ ।

यस्तै अरू दुई वटा सहमतिमा (ग) मानवअधिकार उल्लंघनका घटनामा मेलमिलाप हुन नसकेमा मुद्दा चल्ने (स्वत:सिद्ध विषय) र (घ) प्रचलित कानुनमा पच्चीस प्रतिशत नघटाई सजायको माग दाबी गर्ने (कम सजायको विकल्प विपरित न्यायालयको स्वविवेकमा हस्तक्षेप) छन् । अर्थात् यो सहमति पीडकका पक्षमा 'ब्रेक थ्रु' हो । तर 'पीडित केन्द्रित' भएको भनेर अफवाह फैलाइयो र राजनीतिक भ्रम छरियो ।

कतिपयले संक्रमणकालीन न्यायलाई 'द्वन्द्वपीडित' को सरोकारको विषय मात्रै हो भन्ने ठानेका छन् । उनीहरूले द्वन्द्वकालका हत्या-हिंसाका विषयलाई अघि बढाउँदा राजनीतिक परिस्थिति जटिल हुने आशंका पनि गरेका छन् ।

यसबाट राजनीतिक उपलब्धि समेत भएकाले उनीहरू यसलाई दलीय सहमति र राजनीतिक दृष्टिकोणबाट टुंग्याउनुपर्ने ठान्छन् । परिपूरणबाट सन्तुष्टि दिन उचित हुने सोच्छन् । द्वन्द्वरत पक्षले विगतमा जस्तोसुकै अपराध गरे पनि उन्मुक्ति दिनुपर्ने विचार राख्छन् ।

तर संक्रमणकालीन न्यायले यसलाई मान्दैन । सत्य, न्याय, परिपूरण तथा संस्थागत सुधारबाट नदोहोरिने सुनिश्चितता यसका आधार भूत सिद्धान्त हुन् । मुलुकको भविष्यसँग यो प्रक्रिया जोडिएको हुन्छ । दिगो शान्ति यसको प्रमुख लक्ष्य हो । भावी पुस्तालाई कस्तो नजिर छोड्दैछौं भन्ने 'मूलभूत प्रश्न' हो । त्यसैले राजनीतिक मात्र नभएर यो पीडित न्यायिक हकको सवाल पनि हो । यो राष्ट्रिय तथा अन्तर्राष्ट्रिय चासोको विषय हो । यसको वैधता अन्तर्राष्ट्रिय स्वीकार्यतामा निर्भर गर्दछ । यसले विद्यमान दण्डहीनतालाई अन्त्य गर्ने लक्ष्य राख्दछ । लोकतन्त्रको स्थायित्व यसको सफलताले निर्धारण गर्दछ । अधुरो शान्ति प्रक्रिया पूरा हुनेछ ।

प्रस्तावित संशोधन विधेयकमा चार प्रकारका अपराधलाई 'गम्भीर मानवअधिकार उल्लंघन'को परिभाषामा राखिएको छ– (१) मनसायपूर्वक वा स्वेच्छाचारी हत्या (कार्यदल सिफारिस), (२) जबर्जस्ती करणी तथा गम्भीर यौनजन्य हिंसा, (३) व्यक्ति बेपत्ता पार्ने कार्य र (४) अमानवीय वा क्रूरतापूर्वक दिएको यातना । यी अपराध अक्षम्य छन् । तथापि यसमा अमानवीय वा क्रूरता पुष्टि नभएमा अथवा नगराएमा धेरैजसो कार्य सामान्य अपराध मानेर क्षमायोग्य हुनेछन् ।

संक्रमणकालीन न्यायको सफलताको पूर्वशर्त 'विश्वसनीयता' हो । जबसम्म यस प्रक्रियाले द्वन्द्वपीडितको विश्वास आर्जन गर्दैन तबसम्म यसले वैधता पाउँदैन । कानुन निर्माण वा संशोधनको प्रक्रियादेखि नै पीडितको साथ खोज्नुपर्छ । अपनत्व महसुस गराउनुपर्दछ । पीडितका पीडालाई आत्मसात् गरेको देखिनुपर्छ । पीडितलाई विभाजन गरेर 'परिपूरण केन्द्रित' रणनीतिबाट यसलाई अघि बढाएमा प्रत्युत्पादक हुन सक्छ । अदालतमा फेरि मुद्दा पर्न सक्छ ।

राजनीतिक दलका प्रमुख खेलाडीले यस विषयमा अवश्य सोचेका होलान् । सर्वोच्च अदालतमा मुद्दा पऱ्यो भने पनि राजनीतिक दाउपेचबाट हल खोज्लान् । अदालतको फैसलामा प्रभाव पार्न सक्लान् । राजनीतिक दबाबमा अदालतले पीडकको पक्षमा निर्णय देला तर यसले अन्तर्राष्ट्रिय मान्यता पाउँदैन ।

किनभने जेनेभा महासन्धि लगायत अन्तर्राष्ट्रिय महासन्धि-अभिसन्धिको पक्ष राष्ट्र रहेको नेपालका अदालतले त्यस विपरित गरेका फैसलालाई राष्ट्रसंघ मान्न बाध्य हुँदैन । सुमन अधिकारी लगायतका पीडितको उजुरीमा १४ फागुन २०७१ मा ऐन संशोधनका लागि सर्वोच्च अदालतको परमादेश अन्तर्राष्ट्रिय मापदण्डलाई टेकेर भएकाले राष्ट्रसंघले त्यसलाई मान्यता दिएको हो ।

शान्ति सम्झौता भएको अठार वर्ष पुगे पनि यस प्रक्रियाले पीडितको विश्वास जितेको छैन । बेपत्ता पारिएका व्यक्तिहरूको अवस्था ६० दिनभित्रमा सार्वजनिक गर्ने ५ मंसिर २०६३ को शान्ति सम्झौतामा लेखियो तर कार्यान्वयन भएन । ६ महिनामा गठन गर्ने भनिएको सत्य निरुपण आयोग, पीडितको असहमति बीच, आठ वर्ष लाग्यो बन्न । पीडित केन्द्रित हुनुपर्ने आयोग पीडकका पृष्ठपोषक भए । राजनीतिक दलका छायाँ बने । दुईपटक आयोग गठन भए तर नौ वर्षमा पनि परिणाम दिएनन् । न कुनै उजुरीमाथि सत्य खोज्न सके, न परिपूरण नै दिलाउन सक्षम भए । न त अन्तिम प्रतिवेदन नै सार्वजनिक गरे ।

प्रथम पटक गठित सत्य निरुपण आयोगमा सूर्यकिरण गुरुङ अध्यक्ष बने । बेपत्ता सम्बन्धी छानबिन आयोग अध्यक्ष भने लोकेन्द्र मल्लिक भए । गुरुङको पृष्ठभूमि संसद्को एक सफल महासचिव हुन् भने मल्लिक बेपत्ता सम्बन्धी छानबिनमा अनुभव हासिल गरेका उच्च अदालतका पूर्वन्यायाधीश । सत्य निरुपण आयोगमा त्रिसट्ठी हजार र बेपत्ता सम्बन्धी आयोगमा तीन हजार हाराहारी उजुरी छन् ।

यही सिलसिलामा बेग्लाबेग्लै सार्वजनिक कार्यक्रममा दुवै आयोगका अध्यक्षलाई पंक्तिकारको सुझाव थियो- कम्तीमा पनि यीमध्ये कुनै एक पीडितले दर्ता गरेको उजुरीमाथि विस्तृत छानबिन गरी न्याय पाएको अनुभूति दिलाउन सक्नोस् । यसो भयो भने आयोगको विश्वसनीयता बढ्नेछ ।

मैले यो सुझाव किन दिएको थिएँ भने- विद्यमान ऐनले सत्य उजागर गर्न, परिपूरण दिलाउन, पीडकको पहिचान गर्न र कानुन बनाएर अभियोजन गर्ने सिफारिस गर्न रोक लगाएको छैन । यसो गरिएमा आयोग पीडित केन्द्रित हुनेछ । आयोगप्रतिको पीडितको भरोसा जाग्नुका साथै यो प्रक्रिया अघि बढाउन राज्यमाथि थप दबाब पर्नेछ ।

दुवै आयोगका अध्यक्षले मेरो त्यो आग्रहको समर्थन गरे तर नतिजा निकालेनन् । बेपत्ता सम्बन्धी छानबिन आयोगले ६० दिनभित्र बेपत्ता भएकाको अवस्था सार्वजनिक गर्ने प्रतिबद्धता पनि पूरा गर्न सकेन । आयोगको ऐन संशोधन, यथेष्ट कर्मचारी र बजेट नभएको बहानामा काम गरेनन् । यसपछि गणेशदत्त भट्ट र युवराज सुवेदी अध्यक्षतामा गठित सत्य निरुपण एवं बेपत्ता सम्बन्धी छानबिन आयोग अझ निरीह सावित भए ।

*(साभार: अनलाइनखबर)*

# दुई तिहाइको राजनीति

✍ अच्युतप्रसाद पौडेल "चिन्तन"

अघि-अघिसम्म तेस्रो पोजिसन आयो भने स्कुलमा थर्ड क्लासको हो यो भनिन्थ्यो । एसएलसीमा थर्ड, सेकेन्डमा परिएला भनेर स्कुलमा जहिले पनि फस्ट बेन्चमा बस्ने गरेको, नभन्दै लाजगाल फस्ट डिभिजन नै आएछ । तर पछि खर्चबर्चले धानेन र डाक्टर वा इन्जियर बनिएन । देशको पूर्वाधार कसले बिगारेको भन्ने प्रश्नमा अहिले भन्ने गरिन्छ- यो इन्जिनियरले बिगारेको तर पङ्क्तिकार यो विषयमा सहमत छैन । यो बिगारेको राजनीतिले हो । यसको ज्वलन्त प्रमाण त भर्खरै ओलीजीले संसद्मा दुई तिहाइको मत लिइरहँदा एक पूर्वमन्त्रीले परीक्षा नियन्त्रण कार्यालयमा बिचौलियालाई रु. ५ हजारको घूस खुवाएको वक्तव्य नै पर्याप्त छ ।

बालकोटबाटै खुमल्टारमार्फत निर्देशित लोकतन्त्र अब सर्लक्कै बालकोटमै फिर्ता भएको छ । यसपछि बूढानीलकण्ठ सरुवा हुनेमा पनि लोकतन्त्र विश्वस्त भइसकेको छ । बालकोटले गएको चुनावमा सेकेन्ड डिभिजन हात लगाएको थियो र खुमल्टारले थर्ड डिभिजिन ल्याएको थियो । थर्ड डिभिजनमै सीमित रहेको लोकतन्त्र सेकेन्ड डिभिजनमा पुग्नु राम्रो कुरो हो, केही समयपछि नै हाम्रो लोकतन्त्र बूढानीलकण्ठको फस्ट डिभिजनमा सरुवा हुनेछ ।

फस्ट डिभिजनमा हातेमालो गराउने काम थर्ड डिभिजनबाटै भएको हो गएको उनासीमा । लोकतन्त्रलाई परिचालन गराइरहँदा चुनावका बेला मात्र गठबन्धन बा समीकरण हुने, अरु बेला नहुने अन्तर्राष्ट्रिय मान्यता हाम्रो देशले बोक्न सकेको छैन । नयाँ बहानाबाजी आएको छ अहिले, संविधान संशोधन गर्न अहिलेको सत्ता समीकरण गरिएको रे ! नभन्दै श्रावण ६ गतेको प्रतिनिधिसभाबाट प्रधानमन्त्रीले दुई तिहाइको मत पाएका छन् । त्यसको परिणाम त न्यूरोडले स्पष्ट देखाएको छ । ओली समर्थित वडा अध्यक्षहरुलाई अलि सजिलो भएको छ, काठमाडौं महानगरमा एकजुट भएका छन् ती र सडकमै पाल हालेर कार्यालयको सेवा दिन थालेका छन् ।

अदालतले पैदलमार्ग विस्तारमा लागेका बालेनको कामलाई अवरोध नगर्नू भनी दिएको आदेशविरुद्ध काठमाडौं महानगर फेरि एकपल्ट एमालेकरण हुँदै छ र बालेनको डोजर फिर्ता भएको छ । खुँडा, खुकुरी लिएर थापाथलीबाट निस्केको सुकुम्बासी भनिएकाहरुको भीडबाट पनि बालेनको डोजर यसअघि फिर्ता भएको थियो । यसै सन्दर्भमा अदालतले सुकुम्बासी पहिचान गरी अन्यत्र बसोबास गराउनू, नदीकिनारामा होइन भन्ने आदेश पनि अब के कसो होला ? कार्यान्वयनमा शंका नै छ ।

त्यसो त अर्को समस्या नेसनल आईडीको गम्भीर छ अहिले, अदालतमा मुद्दा पनि परेको हो, यो वा त्यो बहानामा वृद्ध भत्ता नरोक्नू पनि भन्यो अदालतले, असारको अन्त्यतिर क्याबिनेट निर्णय भई पेन्सनधारी र वृद्ध भत्तामा यो आईडी नखोज्ने भन्ने निर्णय पनि भएको खबर बाहिर आयो । तर यो पङ्क्ति तयार गर्नु एकदिन अघिमात्र वृद्ध भत्ताका लागि आफन्तको नवीकरण गरिदिन वडा कार्यालयमा जाँदा काम भएन र नवीकरण फाराममा अनिवार्य नेसनल आईडी भनिएको रहेछ, फिर्ता भइयो । अब निवृत्तिभरण कार्यालयले हरेक बैंकलाई उर्दी जारी गर्दै श्रावणको पेन्सनकै लागि नेसनल आईडी, प्यान कार्ड अनेक पेपर अनिवार्य हुने भनेको सूचना आएको छ । सबैजसो पालिकाहरुमा हेर्दा बूढाबूढीहरु लखतरान परेर आईडीका लागि सुतेको, बसेको दृश्य देखिएको छ ।

आम नागरिकलाई दु:ख दिनु नै लोकतन्त्रको आदर्श भएको पङ्क्तिकारको ठम्याइ छ । हर्क, बालेन, हमालहरुले त दु:ख पाएकै छन् । स्वतन्त्ररुपमा आएको रास्वपालाई जरैसमेत उखेल्ने प्रयत्न भएको छ, सहकारीमा अध्यक्ष, मानव बेचबिखनमा उपसभामुख, अनि ढाकारामदेखि मुकुलसम्मका घटनाहरु बर्बर्ती आइरहेको प्रसंग स्पष्टै छ । नेपालको लोकतन्त्रले नयाँ अनुहारलाई पटक्कै सहेको छैन । उसले पुस्तान्तरण, हस्तान्तरण गर्न जानेको छैन । सातपल्टसम्म कार्यकारी प्रमुख रहन चाहेको छ । नयाँ पिँढीहरु असह्य भएर विदेश पलायन हुँदै गएका छन् । भर्खरै बिदा भएको आवमा साढे सात लाख नेपाली विदेशिएका छन् । यसलाई हाम्रो लोकतन्त्रले आफ्नो आदर्श मानेको छ । उनीहरुलाई फर्काउने योजना नै बनाउँदैन ।

पहिले दुई तिहाइ पाउँदा लोकतन्त्र कोमामा पुगेर अदालतले फर्काइदिएको हो । त्यसो त १५ सालको चुनावदेखि नै देशलाई बहुमतको सरकार फापेको छैन । पछिल्लो समय ४८ सालको आमचुनावबाट पनि एनसीले बहुमत पाएको हो, ढल्यो । दलहरुले नातागोता, आफन्तबाहेक अरुलाई देख्ने गरेका छैनन् र सुशासनको पाठ पढ्न थालेपछि यसअघिको सरकार अनायासै ढलेको भनिन्छ । पढाउने यहाँ धेरै छन्, पढ्नेको कमी छ । पढ्न थालेको छनक ललितानिवास, गिरीबन्धु टी, बाँसबारीको जग्गा, बालमन्दिरका विषय उठ्न थालेपछि र भुटानी शरणार्थीको जरो पत्ता लाग्छ कि भनेपछि, आमजनता आशावादी भइरहँदा सरकार ढल्यो । अबको सरकारले सुशासनलाई फेरि पढाउन थालेको छ । यस्तै प्रकृतिको यसअघिका सरकार हरुले सुशासनको सुगा रटाइ धेरै गरेका थिए पनि । दुई तिहाइमा निश्चय नै थप बल हुन्छ । त्यसको प्रयोग बालेनविरुद्ध मात्रै होइन अब एनईएतिर पनि भएको छ । लाइन काटिएको बिजुली तुरुन्तै जोड्न आदेश जारी भइसकेको छ । अब कुलमानले राजीनामा दिनु उत्तम विकल्प भइसकेको अवस्था छ । लाइन जोड्यो भने ट्रेड युनियनले आन्दोलन शुरु गर्ने भनिसकेको छ ।

कुलमान दुईतिरको चेपुवामा परेका छन् । यिनले लोडसेडिङ कम गरे पनि न्यूनतम महसुल भनी छुट्टै बिलिङ गर्न थालेको धेरै वर्ष भइसकेको छ । एक साताभित्र महसुल तिरेमा दिइने गरिएको ३ प्रतशतको रिवेट २ प्रतिशतमा झारेका र भुटानभन्दा महँगो बिजुली महसुलको मार नेपालीले खेपिरहेका छन् । अहिले जुन दरमा बिजुली निर्यात भएको छ, त्यो भन्दा बढी दरले स्वदेशी उपभोक्ताहरुले प्रयोग गरिराखेका छन् । स्वदेशी उत्पादन भए २० प्रतिशतसम्म महँगो भए पनि यहाँकै उत्पादन प्रयोग गर्नु भन्ने नारा छ देशको ।

अहिले संविधान संशोधनको मुद्दा अघि सारेर जनतालाई झुक्याइएको छ । संविधान संशोधन केहीबेरमै हुने कुरो होइन । देशमा वैदिक सनातनीहरुको संख्या ओमकार परिवारको ९४ प्रतिशत भइरहँदा संविधानमा त्यो धर्म निरपेक्षको संशोधन पहिले हुनुपर्ने थियो । तर एजेन्डा छैन, ओलीले शपथ लिँदा पहिले त्यो पर्दैन भन्थे भने अहिले राष्ट्रप्रमुखले पढाएको ईश्वरको नाममा भन्ने शब्द उनले पढेनन् । यसबाट स्पष्ट हुन्छ, हाम्रो लोकतन्त्र अभिभावकबाट पनि धेरै टाढा भइसकेको छ । बोझिलो प्रदेश सधैं सरकार बनाउने र ढाल्ने मात्र काम हो उसको, किन आवश्यक पऱ्यो ? अनि आरक्षणभन्दा प्रतिस्पर्धा नै राम्रो हो । यसमा संशोधन गर्ने विषयमा ध्यान गएको छैन । आरक्षणका नाममा पनि राष्ट्रिय स्तरका भाउजूहरुको प्रतिनिधित्व भइराखेको छ र पकेटबाट नियुक्ति हुने परम्परा तोडिएको छैन, बरु बढेको छ । शिक्षा, स्वास्थ्य नि:शुल्क गराउने विषय आएको छैन । संविधानले जे मौलिक हकमा बोलेको छ, त्यो कार्यान्वयन भएको छैन ।

अब कस्तो संशोधनको कुरो हो ? आम सर्वसाधारणले बुझ्न सकेका छैनन् । दुई वर्ष वृद्धहरुले शासन गरेपछि फस्ट ब्वाईलाई हस्तान्तरणको नियतभन्दा बढी केही देखिएको छैन । दुईवटा गाडी नदी स्नान गर्न गए भने फर्काउन विदेशी आउनुपर्ने भूगोल बोकेको, डेढ लाख वर्गकिमि भूगोल, त्यो अति असहज र जनता डेढ करोड पनि नबस्ने देशमा आएको संघीयता विदेशी ऋणमै पालिएको छ । भर्खरै एक वर्षको ऋण सावाँ-ब्याज भुक्तानीमा ३ खर्ब खर्चिएको र एक नेपाली जन्मदै ८४ हजार ऋण बोक्ने भइसकेका छन् । जीडीपीको ४० प्रतिशत ऋण नाघिसकेको छ, ४० प्रतिशत नाघ्नु भनेको संकटको घडी हो भनिँदै छ । चालू खर्च धान्न नसक्ने भइसकेको र विकास खर्च आधा पनि नभएको अवस्था छ । भएको पनि असारे र डोजरे भएको कुरा आम भूगोल अहिले पग्लिरहेको र यही वर्षाले पनि सयौं नेपालीलाई स्वाहा गरि सकेकोबाट स्पष्ट हुन्छ ।

फ्रान्सका प्रधानमन्त्रीको उमेर ३४ वर्षको छ । एन्डोरा र आयरल्यान्डका ४४ वर्षका, भुटानी राजा ४३ वर्षका छन् । उत्तर कोरियाका कार्यकारी ४० वर्षका अनि हामीले बिदा नै दिएर गोडा ढोगेका कतारी राजा ४३ वर्षका छन् । हाम्रो लोकतन्त्रले पालेको ११९ दलमध्ये १४ बढी सक्रिय छन् । ती १४ मा ९ दलका नेताहरु वृद्ध भत्ताका लागि योग्य छन्, मात्रै होइन, कोही त ८० उमेर पुगेका छन् । चारवटा किड्नी लिएका ओली देशको अवस्था ठीक छैन बदल्नु पर्छ भन्छन् ।

आफैंले बनाएको संविधानमा उनलाई विश्वास छैन । अबको अवस्था बदल्नु भनेको योभन्दा हरिबिजोक हुने त होला । अवस्था बदल्न त मेसिनरी बदल्नुपऱ्यो नि । उही मेसिनरी सबै खिया लागिसकेको छ, अब बदल्नु भनेको आर्यघाटतिरको त होला । विश्व स्वास्थ्य संगठनले ६० वर्ष उमेरपछि कतिपयलाई मनोवैज्ञानिक समस्या हुन्छ भनेको छ, स्मरण शक्ति हुन्न भनेको छ, निर्णयक्षमतामा कमी भनेको छ । निसेनिले ५८ वर्षमा सरकारी जागिरबाट बिदा गराउँछ, न्यायालयमा ६५ र शिक्षामा ६३ छ अनि ज्याद्रो राजनीति जसले देश बोकिरहन्छ, उसले उमेरको ख्याल नगर्ने भएपछि देशको अवस्था यहाँभन्दा पनि गएगुज्रेको हुनु स्वाभाविक हो । पछिल्लो उदाहरण त बालेन, हर्कहरुको ताडना नै पर्याप्त छ ।

यो भन्दा राम्रो हाम्रो लोकतन्त्रलाई पजेरो र हेलिकोप्टरमा हिँडाउने, गुडाउने, उडाउने होइन, नेपालीको स्तरअनुसार साइकलमा गुडाउँदा राम्रो हुन्छ । त्यसो भए सबैतिर संघीयता र गणतन्त्रको अनि लोकतन्त्रकै अनुहार सबैले देख्न सक्ने हुन्छन् । अहिले नेपालीहरुले यसको अनुहार देखेका छैनन् र लाभ पनि केही पाएका छैनन् । र त निराश भई रोजगारी बा प्लस् टु भन्दै देश छोड्दै छन् । अब कथित नेसनल आईडीमा पुनर्विचार नगर्ने हो भने अरु बाँकीहरु पनि यहाँ देखिने छैनन् ।

*(साभार: नेपाल समाचार-पत्र)*

# बैंक बने असुलीमा असफल, पर्न सक्छ प्रणालीमै दखल




काठमाडौं/बैंकहरूले कर्जा असुलीमा असफल बन्दा र धितो बिक्री नभएको गैरबैंकिङ सम्पत्ति उच्च रूपमा बढ्दा वित्तीय प्रणालीमै दखल पर्ने जोखिम बढेको छ । बाणिज्य बैंकहरूले प्रकाशित गरेको गत आर्थिक वर्षको अपरिस्कृत वित्तीय विवरण अनुसार ऋण असुली र धितो लिलाम समेत हुन नसकेर बैंकले सकारेको सम्पत्ति अर्थात् गैरबैंकिङ सम्पत्ति नै गत आर्थिक वर्ष मात्रै १५ अर्बभन्दा बढीले थपिएको छ ।

राष्ट्र बैंकले गैरबैंकिङ सम्पत्ति बिक्री नहुँदासम्म त्यस्तो र कमलाई नियामकीय जगेडामा छुट्याउनुपर्ने व्यवस्था गरेको छ । यो शीर्षकमा बैंकहरूले ९ अर्ब ६२ करोड ४२ लाख छुट्याएका छन् । तर, त्यो रकम १० प्रतिशत कर्मचारी बोनस र त्यसपछिको ३० प्रतिशत कर तिरेपछिको रकम भएको नबिल बैंकका नायब प्रमुख कार्यकारी अधिकृत (डेपुटी सीईओ) मनोज ज्ञवाली बताउँछन् ।

'बैंकहरूले बुक गरेको गैरबैंकिङ सम्पत्तिको ६३.३३ प्रतिशत मात्रै नियामकीय जगेडा कोषमा छुट्टिन्छ,' उनले भने । यस आधारमा गत आव मात्रै करिब १५ अर्ब २० करोडको गैरबैंकिङ सम्पत्ति बैंकहरूले थपेको देखिन्छ । गत वर्ष २०८० असारमा ४ अर्ब ५ करोड २० लाख मात्रै गैरबैंकिङ सम्पत्तिका लागि बैंक्हरूले नियामकीय जगेडामा छुट्याएकोमा गत वर्ष शतप्रतिशत भन्दा धेरैले वृद्धि भएको बैंकहरूको वित्तीय विवरणमा देखिएको छ ।

गैरबैंकिङ सम्पत्ति पनि खराब अर्थात् निष्क्रिय कर्जा नै रहेको पूर्वबैंकर भुवन दहाल बताउँछन् । बैंकहरूले प्रकाशित गरेको निष्क्रिय कर्जाको तथ्यांकमा गैरबैंकिङ सम्पत्तिलाई समेत जोडेर विश्लेषण गर्दा मात्रै वास्तविक तस्बिर उजागर हुने उनले बताए । यसले वित्तीय क्षेत्र जोखिममा रहेको उनको तर्क छ । त्यति मात्रै होइन, बैंकहरूको ब्याज नउठेर नियामकीय जगेडामा छुट्याएको रकम पनि १० अर्ब ३० करोड ९४ लाख रहेको छ । गैरबैंकिङ सम्पत्ति जस्तै यो पनि नउठेको ब्याजको ६३.३३ प्रतिशत मात्रै हो ।

यस आधारमा असारमा बैंकहरूले करिब १६ अर्ब २८ करोड ब्याज उठाउन नसकेको देखिन्छ । आव २०७९/८० मा उठ्न बाँकी ब्याजका लागि नियामकीय जगेडा कोषमा छुट्याएको रकम ९ अर्ब ६२ करोड ४२ लाख थियो ।

**गैरबैंकिङ सम्पत्तिलाई कुन बैंकले कति छुट्याए ?**

गत आव ग्लोबल आईएमई बैंकले गैरबैंकिङ सम्पत्ति बुक गर्दा नियामकीय जगेडा कोषमा २ अर्बभन्दा धेरै रकम छुट्याएको छ । ग्लोबल आईएमईले अघिल्लो आवमा पनि यस्तो कोषमा ६९ करोड ६० लाख छुट्याएको थियो । गैरबैंकिङ सम्पत्ति बुक गरेर नियामकीय जगेडामा १ अर्बभन्दा धेरै रकम छुट्याउने बैंकहरू चार छन् । ग्लोबल बाहेक नेपाल इन्भेस्टमेन्ट मेगाले १ अर्ब १७ करोड, हिमालयनले १ अर्ब १५ करोड र एनआईसी एसियाले १ अर्ब ४ करोड छुट्याएका छन् ।

गत आव गैरबैंकिङ सम्पत्ति बुक नगर्नेमा स्ट्यान्डर्ड चार्टर्ड मात्रै छ । अघिल्लो आव २०७९/८० मा स्ट्यान्डर्ड चार्टर्ड सहित लक्ष्मी सनराइज र नेपाल एसबीआईले गैरबैंकिङ सम्पत्ति बुक गरेर नियामकीय जगेडामा रकम छुट्याएका थिएनन् ।

**इन्भेस्टमेन्ट मेगा र हिमालयनलाई ब्याज उठाउन मुस्किल**

ब्याज उठाउन नसक्नेमा पनि नेपाल इन्भेस्टमेन्ट मेगा, हिमालयन र ग्लोबल आईएमई अगाडि देखिएका छन् । ब्याज उठ्न नसकेर नियामकीय जडेगामा छुटयाएको रकम हिमालयनको २ अर्ब ११ करोड, नेपाल इन्भेस्टमेन्ट मेगा १ अर्ब ७९ करोड र ग्लोबल आईएमईको १ अर्ब १४ करोड छ ।

२०७९/८० मा ग्लोबल आईएमईले यस्तो कोषमा १ अर्ब ३४ करोड छुट्याएको थियो । यस्तै कुमारीले १ अर्ब २ करोड र लक्ष्मी सनराइजले ८६ करोड छुट्याएका थिए । गैरबैंकिङ सम्पत्ति बुक गर्ने र ब्याज उठाउन नसक्ने बैंकको अग्रस्थानमा मर्जरमा गएकाहरू छन् ।

**नाफा सामान्य बढ्यो**

गत आव २० वाणिज्य बैंकले ६४ अर्ब १६ करोड नाफा आर्जन गरेका छन् । जुन २०७९/८० मा उनीहरूले कमाएको ५६ अर्ब ५८ करोडको तुलनामा १३.४० प्रतिशत बढी हो । बैंकहरूको खुद ब्याज आम्दानी धेरै नबढे पनि प्रोभिजनिङ कम हुँदा तथा शुल्क एवम् कमिसन आम्दानीमा सुधार हुँदा नाफामा सुधार देखिएको हो ।

गत आव बैंकहरूको खुद ब्याज आम्दानी ३.२५ प्रतिशतले बढेर १ खर्ब ९२ अर्ब १३ करोड पुगेको छ । अघिल्लो आव यस्तो आम्दानी १ खर्ब ८६ अर्ब ८ करोड थियो । शुल्क तथा कमिसन आम्दानी भने १७.७६ प्रतिशतले बढेर ३१ अर्ब ८२ करोड पुगेको छ ।

२० मध्ये १० बैंकको नाफा घटेको छ । एनआईसी एसिया र नेपाल बैंकको नाफामा उच्च गिरावट भएको हो । यस्तै सिटिजन्स, माछापुच्छे, एनएमबी, सानिमा, सिद्धार्थ, एनएमबी, स्ट्यान्डर्ड चार्टर्ड, राष्ट्रिय वाणिज्य र ग्लोबल आईएमईको नाफा घटेको हो ।

चालु आव तेस्रो त्रैमासको तुलनामा अवस्था सुधारोन्मुख देखिएको नबिल बैंकका डेपुटी सीईओ ज्ञवाली बताउँछन् । गत आव तेस्रो त्रैमासको अपरिस्कृत वित्तीय विवरण प्रकाशित गर्दा २० मध्ये १० बैंक सञ्चित नोक्सानीमा थिए । वाणिज्य बैंकहरूको सञ्चित नोक्सानी ७ अर्ब ७६ करोड ७२ लाख थियो ।

आव अन्त्यमा आइपुग्दा चार बैंकमात्र सञ्चित नोक्सानीमा छन् । वाणिज्य बैंकहरूको सम्भावित कर्जा नोक्सानी व्यवस्थाको रकम ५० अर्ब २७ करोड पुगेको छ । गत आव त्यस्तो रकम ३६ अर्ब ९६ करोड थियो ।

गैरबैंकिङ सम्पत्तिलाई पनि निष्क्रिय कर्जा नै मान्ने हो भने सम्भावित कर्जा नोक्सानीको प्रोभिजन ५० अर्ब नजिक पुग्ने देखिन्छ । बैंकहरूले गैरबैंकिङ सम्पत्ति बुक गरेर नाफा देखाउँदा सरकारले प्राप्त गर्ने आयकर र कर्मचारी बोनस बढे पनि सेयरधनीले पाउने लाभांशमा भने सुधार भएको छैन । बैंकहरूले गैरबैंकिङ सम्पत्ति आर्जन गर्न सके भने नियामकीय जगेडामा छुट्याएको रकम सञ्चित मुनाफामा लेखांकन गरी सेयरधनीलाई लाभांश वितरण गर्न सक्छन् ।

**आधा दर्जनले लाभांश दिन नसक्ने**

सिभिल बैंकलाई गाभेको हिमालयन बैंकको सञ्चित नोक्सानी नै ५ अर्बभन्दा धेरै छ, जसले लाभांश दिन सक्दैन । यस्तै एनसीसीसँग मर्जर भएको कुमारी र मेगा बैंक तथा नेपाल इन्भेस्टमेन्ट मेगा मर्जर भएर बनेको नेपाल इन्भेस्टमेन्ट मेगा बैक पनि सञ्चित नोक्सानीमा छन् ।

यस्तै विगतमा एग्रेसिभ व्यवसाय विस्तार गर्ने एनआईसी एसिया बैंक्समेत सञ्चित नोक्सानीमा छ । यी कुनै पनि बैंकले लाभांश दिन सक्दैनन् । सञ्चित नाफामा भए पनि एनएमबी बैंकले करिब १ प्रतिशत र सिद्धार्थले साढे २ प्रतिशत मात्रै लाभांश बाँड्न सक्ने वित्तीय विवरणले देखाएको छ । माछापुच्छे बैंकले पनि डिबेन्चरको क्यापिटल रिडेम्सन रिजर्भमा रकम नछुट्याउँदा ४ प्रतिशत लाभांश बाँड्न सक्छ ।

यस्तै प्रभु बैंकले गत आव राष्ट्र बैंकले तोकेको पूँजीकोष कायम गर्न सकेको छैन । जसले गर्दा बैंकले क्षमता भएर पनि लाभांश दिन सक्दैन । लाभांश क्षमताका आधारमा एभरेस्ट र स्टयान्डर्ड चार्टर्ड बैंकको २६ प्रतिशतभन्दा माथि छ । तर, सञ्चित मुनाफा भने नबिल बैंकको सबैभन्दा धेरै ३ अर्ब ८६ करोड छ ।

प्रतिकूल अवस्था भए पनि बैंकहरूको वित्तीय विवरण सुधारोन्मुख देखिएको नेपाल बैंकर्स संघ अध्यक्ष सुनिल केसी बताउँछन् । 'गत वर्ष सबैभन्दा असहज वर्षका रूपमा देखिएको थियो । साढे ११ प्रतिशत कर्जा विस्तारको लक्ष्य भए पनि साढे ५ प्रतिशत मात्रै विस्तार भयो,' उनले भने, 'धेरै समय अधिक तरलताको अवस्थामा बस्नुपर्‍यो । यस्तो अवस्थमा पनि नाफा वृद्धि देखिनु बैंकहरूले प्रभावकारी व्यवस्थापन गर्न सकेको हो ।'

६ वटा बैंकले दोहोरो अंकको लाभांश दिन सक्ने अवस्था देखिएको उनले बताए । '६ महिना वा तेस्रो त्रैमासको तुलनामा निष्क्रिय कर्जा घटेको छ,' उनले भने, 'बैंकिङ क्षेत्रमा अझै दबाबको अवस्था आउने अनुमान भए पनि सुधारको अवस्था देखिएको छ ।' बैंकहरूले गत वर्ष सरकारलाई १० अर्ब अतिरिक्त कर बुझाउँदा समेत उक्त अवस्था देखिनु सकारात्मक नै मान्नुपर्ने उनले बताए । लगानीको प्रतिफल भने घटेको उनको भनाइ छ ।

*(स्रोत: अनलाइनखबर)*

# 'बुलाकी' ट्रेलरमा विवाहेत्तर सम्बन्धको कथा



काठमाडौं/गत वर्षको बैशाखमा रिलिज भएको फिल्म 'बुलाकी'लाई निर्माताले दुई दिनमै हलबाट उतारेका थिए । एकसाथ प्रदर्शनमा आएको 'जारी'का कारण पर्याप्त शोज नपाएपछि रिलिज स्थगन गरिएको थियो । अब यही साउन ३२ गतेबाट फिल्मलाई रि-रिलिज गरिँदैछ । सोमबार काठमाडौंका एक कार्यक्रमका बीच फिल्मको ट्रेलर सार्वजनिक गरियो । ट्रेलरमा विवाहेत्तर सम्बन्धलाई देखाइएको छ ।

रोजगारीका लागि गएका श्रीमान् (नरेन खड्का)को पखाईमा बसेकी हिरा (सुरक्षा पन्त)को एक युवक (विराज विष्ट)सँग प्रेम बस्छ । र, उनीहरुले भागेर विवाह गर्छन् । त्यसपछि पूर्व श्रीमानले जारी (पहिलो श्रीमानले श्रीमतीलाई सम्पत्ति सोचेर अर्कोले चोरेबापतको क्षतिपूर्ति) तिराएको विषयलाई ट्रेलरमा समेटिएको छ । र, कर्णालीको ग्रामीण जीवन र महिलाको दु:खलाई पनि ट्रेलरले देखाउँछ ।

लक्ष्मण सुनारको निर्देशनमा बनेको 'बुलाकी'मा रमेश बुढाथोकी, लक्ष्मी गिरी, सुशील पोखरेल, कुलदीप अधिकारी, धनबहादर राई, लक्ष्मण देवकोटा, झलनाथ खत्री, सोनु सेढाइ, प्रकाश कँडेल लगायतको पनि अभिनय छ । टोपेन्द्र विष्ट निर्माता र शिवराज पौडेल कार्यकारी निर्माता रहेको यो फिल्ममा शिव ढकालको छायांकन, राजबहादुर सानेको लेखन तथा चलचित्र चौतारीको सम्पादन छ ।

फिल्मका प्रस्तुतकर्ता तथा अभिनेता विराज विष्टले 'बुलाकी'ले कर्णालीको माटो, कला, संस्कृति, भाषा बोलेको बताए । ट्रेलर रिलिज कार्यक्रममा उनले भने, 'पैसा कमाउनका लागि फिल्म बनाएको भए मैले अर्कै रोज्थैं होला । कर्णालीको कथा देशभित्र मात्र नभएर बाहिर पनि पुग्नुपर्छ भन्ने सोचले फिल्म बनाएको हुँ ।' विराजले फिल्ममा धेरै कुरा परिवर्तन गरेर प्रदर्शन गर्न लागिएको पनि बताए ।

# 'माइली'को मुहूर्त, आमा-छोरी बन्दैछन् प्रियंका र कमला



काठमाडौं/बाबु साहेब बलामीको निर्देशन रहने फिल्म 'माइली'को मुहूर्त गरिएको छ । सोमबार काठमाडौंस्थित भद्रकाली मन्दिरमा फिल्मकी मुख्य अभिनेत्री प्रियंका कार्की र गायिका समेत रहेकी कमला घिमिरेले 'मुहूर्त सट' दिएका थिए । यसमा उनीहरुले आमा-छोरीको भूमिका निभाउँदैछन् । कमलाले यही फिल्मबाट अभिनयमा डेब्यु गर्न लागेकी हुन् । मंगलबारबाट फिल्मको छायांकन सुरु हुनेछ ।

रुना इन्टरटेन्मेन्टको ब्यानरमा बन्न लागेको फिल्ममा करिश्मा मानन्धर, अंशु महर्जन, कुसुम शर्मा, प्रिया रिजाल, सुष्मा लामा, गीता अधिकारी, शर्मिला मल्ल, सरिता भण्डारी, प्रितिका शर्मा, आश्मा पाण्डे, रेश्मा केसी आदिको पनि अभिनय रहनेछ । सत्य घटनामा आधारित भनिएको फिल्ममा निर्देशक बलामी स्वयंको कन्सेप्ट तथा शंकर अधिकारी 'घायल'को गीत, पटकथा र संवाद लेखन छ ।

निर्देशक बलामीले फिल्ममा महिलाको पीडालाई देखाइने बताए । 'दलित महिलाको श्रीमान नभएपछि समाजले ऊमाथि कस्तो दृष्टि लगाउँछ ? उसका स-साना नाबालक छोरी हुर्काउन कति कठिन हुन्छ ? समाजले जातीयताको आडमा कसरी प्रताडित गर्छ भन्ने विषय यसमा देखाइनेछ,' निर्देशक बलामीले भने । फिल्मलाई मकवानपुरको वीरखर्ग, कुलेखानी, काठमाडौं र दुबईमा खिचिनेछ ।

प्रियंकाले आफू 'आउट साइड बक्स' काम गर्न रुचाउने भएकाले 'माइली' त्यसको नै निरन्तरता रहेको बताएकी छन् । 'माइली'लाई महिलाको भोगाईको कथा भन्न रुचाउँछिन् उनी । 'यो गाउँको कथा हो । आम महिलाको भोगाईको कथा हो । पर्दामा आउनेपर्ने विषय फिल्ममा छ,' उनले भनिन् । यसमा राजेन्द्र बजगाइको संगीत, शिव ढकालको छायांकन र समीर मियाँको सम्पादन रहनेछ ।

# बंगाली बिद्रोहले प्रधानमन्त्री नै लखेटिइन्

काठमाडौं/दुई महिनादेखि जारी हिंसात्मक प्रदर्शनका कारण बंगलादेशकी प्रधानमन्त्री शेख हसिना वाजेदको १५ वर्षपछि सत्तासँगै मुलुकबाट समेत बर्हिगमन हुन पुगेको छ । बंगलादेश स्वतन्त्र भएयता सबैभन्दा सबैभन्दा लामो समय प्रधानमन्त्री पदमा बस्ने नेता हसिना आरक्षणको मुद्दालाई लिएर विद्यार्थीले गरेको आन्दोलनका कारण सोमबार राजीनामा दिन बाध्य भइन् ।

हजारौंको संख्यामा भेला भएका आन्दोलनकारीले ढाकास्थित प्रधानमन्त्रीको सरकारी निवास गणभवन घेरेपछि उनले अवामी लिग पार्टीकी नेता एवं आफ्नी बहिनी शेख रेहना सिद्धिकीसँगै देश छाडेकी हुन् । उनी हेलिकोप्टर चढेर भारत गएको बीबीसी बंगला सेवाले लेखेको छ ।

हसिना ६ जनवरी २००९ मा प्रधानमन्त्री बनेकी थिइन् । पछिल्लो पटक हसिना ७ महिनाअघि मात्र चौथो कार्यकालका लागि प्रधानमन्त्री नियुक्त भएकी थिइन् । विपक्षी बंगलादेश नेशनलिस्ट पार्टी (बीएनपी) ले बहिस्कार गरेको निर्वाचनमा हसिनाको पार्टी अवामी लिगले ३०० सिटमध्ये २२२ सिट जितेको थियो । तर, प्रमुख विपक्षी दल बीएनपीले निष्पक्षतामाथि प्रश्न गर्दै चुनाव बहिस्कार गरेको थियो ।

चुनावका लागि तटस्थ सरकार बनाउन माग राख्दा पनि प्रधानमन्त्री हसिना नेतृत्वको सरकारले घातक बल प्रयोग गरेर विरोधीमाथि दमन गरेको आरोप लागेको थियो ।

सोमबारको घटना पनि विद्यार्थी आन्दोलन मात्र नभइ सरकारको आफ्नै कार्यशैलीका कारण सिर्जित अवस्था भएको विश्लेषक हरि शर्मा बताउँछन् । 'लोकतन्त्र भनेकै बहुलतामा आधारित हो, यसमा विरोध हुन्छ, प्रतिरोध हुन्छ । तर, सरकार दम्भी भयो भने के हुन्छ भन्ने बंगलादेशको घटनाले देखाएको छ', उनले संचारकर्मीसँग भने, 'विद्यार्थीले आरक्षणको कुरामा सुधार खोजेका थिए, त्यसलाई पूरा गर्न गाह्रो थिएन । तर, त्यहाँ सरकारले न जनताको कुरा सुन्यो न प्रतिपक्षीलाई नै बाँकी राख्यो ।' लोकतन्त्रमा जनतासँग सत्ता संवादहिन हुँदाको परिणाम बंगलादेशमा देखिएको शर्माको बुझाइ छ ।

**सरकारी दमनपछि बढेको हिंसा**

बंगलादेशको उच्च अदालतले ५ जुनमा बंगलादेशको स्वतन्त्रता आन्दोलनका सेनानीका आफन्तहरुलाई सरकारी सेवामा ३० प्रतिशत आरक्षण दिने आदेश सुनाएको थियो । सन् २०१८ मा हटाइएको प्रावधानविरुद्ध परेको रिटको सुनुवाइ गर्दै उच्च अदालतले आरक्षण दिने आदेश जारी गरेको थियो । तर, स्वतन्त्रताको लडाइँ जोडिएकाहरुको नाती पुस्तालाई सुविधा दिने गरी भएको आरक्षणको व्यवस्था भेदभावपूर्ण भएको भन्दै विद्यार्थीहरुले विरोध थालेका थिए ।

'स्वतन्त्रता आन्दोलनको अहिले ५३ वर्ष पुगिसकेको छ, अहिलेसम्म पनि त्यसमा सहभागी भएकाहरूका सन्तानले सरकारी सेवामा ठूलो संख्यामा कोटा पाइरहनु न्यायोचित थिएन', बंगलादेशका अभियन्ता एवं चिकित्सक बाबर अली भन्छन्, 'यसलाई पहिले जस्तो छाड्नु हुँदैन, कोटा प्रणाली सुधार्नुपर्छ भन्ने माग विद्यार्थीहरुको थियो ।'

विद्यार्थीहरुले योग्यताका आधारमा सरकारी सेवामा भर्तीलाई जोड दिनुपर्ने माग गरेका थिए । कतिपयको भनाइमा, आरक्षण प्रणालीले निरन्तरता पाउँदा हसिना नेतृत्वको सत्तारुढ आम अवामी पार्टीलाई फाइदा पुग्थ्यो । हसियाका बुबा शेख मुजिबुर रहमानको बंगलादेशलाई स्वतन्त्र बनाउन नेतृत्वदायी भूमिका थियो । बंगलादेश स्वतन्त्र भएपछि उनी पहिलो राष्ट्रपति समेत बनेका थिए ।

उनी त्यसबेला मुस्लिम लिगको सदस्य थिए, जुन पछि अवामी लिग बनेको थियो । अहिले हसिना त्यहीं पार्टीमा अध्यक्ष समेत छिन् । त्यसैले स्वतन्त्रता आन्दोलनमा सहभागी परिवारका सन्तानलाई कोटा दिने निर्णयबाट उनको पार्टीलाई फाइदा पुग्ने विश्लेषण गरिएको जानकारहरु बताउँछन् ।

अलीका अनुसार, कोटा प्रणालीविरुद्धको आन्दोलनमा पहिले ढाका विश्वविद्यालयका ५ जना विद्यार्थीको नेतृत्वबाट सुरु भएको थियो । उनीहरुले आरक्षणविरुद्ध प्लाकार्ड र झण्डा बोकेर आन्दोलन गरेका थिए ।

तर, विश्वविद्यालयमा शान्तिपूर्ण आन्दोलनलाई विथोल्न सत्तारुढ अवामी पार्टीको विद्यार्थी संगठन छात्र विद्यार्थी लिगका कार्यकर्ताहरु परिचालित भएको मानवअधिकारवादी संस्था एम्नेस्टी इन्टरनेशनलको रिपोर्टमा उल्लेख छ ।

*(स्रोत: अनलाइनखबर)*

काभा वुमन्स लिग :

# सेमिफाइनलमा इरानलाई हराउनैपर्ने दबाब



काठमाडौं/काभा वुमन्स नेसन्स लिग अन्तर्गत नेपालले मंगलबार इरानसँग सेमिफाइनल खेल्ने भएको छ । सोमबार भारतले श्रीलंकालाई सोझो सेटमा पराजित गरेपछि नेपालले सेमिफाइनलमा इरान प्रतिद्वन्द्वी पाएको हो । सोमबार नै नेपालले माल्दिभ्सलाई सोझो सेटमा हराए पनि शीर्ष स्थानमा रहन सकेन । फाइनल प्रवेशका लागि भारतले श्रीलंकासँग र नेपालले इरानसँग खेल्नेछन् ।

आइतबार लिग चरणमा ३-२ को सेटमा हार ब्यहोरेको नेपालले आफ्नो गल्ती सुधार गर्दै सेमिफाइनलमा इरानलाई जित्ने योजना बनाएको छ । इरानको टिमबारे यसअघि जानकारी नभएकाले आइतबारको खेलमा पराजित भएको प्रशिक्षक जगदिश भट्टले बताए ।

'इरानसँग हामीले २०१७ मा माल्दिभ्समा वुमन्स वर्ल्ड च्याम्पियनसिपको छनोट खेल खेलेका थियौं । हामीले ८ वर्षपछि इरानसँग खेल्दा उनीहरुको खेल्ने तरिका निकै फरक भइसकेको रहेछ', भट्टले भने । इरानसँग खेलाडीहरूले सानातिना कमजोरी गर्दा खेल जित्न नसकेको उनको भनाइ छ । 'हिजो हाम्रो ब्लक कमजोर देखियो । ब्लक कमजोर हुनेबित्तिकै डिफेन्स पनि कमजोर हुन्छ । फाइन्डिङ प्लेसमेन्ट हामीले बुझ्न सकेका थिएनौं । हामीबाट एकदमै साधारण गल्तीहरु भएका छन् । त्यो हामी सुधार्ने छौं', प्रशिक्षक भट्टले भने, 'हामीले गल्ती गर्नु हुँदैन भन्ने खेलाडीलाई पनि बोध भएको छ ।'

सेमिफाइनलमा इरानसँगको खेलमा अघिल्लो खेलको गल्ती नदोहोर्‍याउने कप्तान अरुणा शाही बताउँछिन् । 'उपाधि जित्ने लक्ष्य राखेपछि भोलिको खेलमा हामीलाई गल्ती गर्ने छुट छैन । जसरी पनि जित्ने लक्ष्यमा हुनेछौं', उनले भनिन् ।

इरानसँगको खेलमा रिसिभ र डिफेन्स कमजोर देखिएकाले सुधार गर्नुपर्ने कप्तान शाही बताउँछिन् । 'रिसिभ र डिफेन्स राम्रो गर्ने हो भने हामीले इरानलाई हराउन सक्छौं', उनले भनिन् ।

सोमबार नेपालले लिग चरणको अन्तिम खेलमा माल्दिभ्स विरुद्ध दोस्रो रोजाइका खेलाडी खेलाएर धेरै खेलाडीलाई आराम दिएको छ । शनिबार भारतसँग ५ सेट र आइतबार इरानसँग पनि ५ सेट खेलेकाले खेलाडीहरु थाकेका छन् ।

त्यसैले सोमबार माल्दिभ्स विरुद्ध खेलाडीहरुलाई आराम दिएको प्रशिक्षक भट्टले बताए । 'हामीले आज पहिलो सेटका खेलाडीलाई विश्राम दियौं, जसले गर्दा खेलाडीलाई पर्याप्त रिकभरी समय मिल्छ । मनोवैज्ञानिक रुपमा पनि नेपालले इरानसँगको हारपश्चात बलियो भएर हिजोको भन्दा राम्रो खेल्छ', उनले भने ।

*(स्रोत: अनलाइनखबर)*


# नेपाल रिलिजपछि जापानमा बिक्री भयो 'मोदीबेनी'

काठमाडौं/गत शुक्रबार बाट प्रदर्शनमा आएको फिल्म 'मोदीबेनी'को जापान प्रदर्शन अधिकार बिक्री भएको छ । सुवास लामिछानेको नेतृत्वमा रहेको भिजोनिया कम्पनी लिमिटेडले फिल्मको जापान प्रदर्शन अधिकार खरिद गरेको हो । नेपालमा दर्शकबाट उत्कृष्ट प्रतिक्रिया मिलेका कारण जापान अधिकार बिक्री भएको सह-निर्माता हरि श्रेष्ठले बताए । अरु देशमा पनि कुरा भइरहेको उनको भनाई छ ।

निर्देशक शंकर कोइरालाका अनुसार, दर्शकले फिल्मको 'थ्रिलिङ पार्ट'लाई रुचाएका छन् । उनी भन्छन्, 'पहिलो भागमा क्यारेक्टर स्थापित गरेर दोस्रो भागमा 'थ्रिलिङ' दृश्यहरू राखेका थियौं । यसैले दर्शकले 'सेकेन्ड हाफ'लाई बढी रुचाएको पाएको छु ।' उनले फिल्ममा उठान गरिएको विषय र विश्वासै नलाग्ने कथामा दर्शकले मनोरञ्जन लिइरहेको देख्दा खुसी महसुस भएको बताएका छन् ।

फिल्म रिलिजपछि कलाकारहरू वर्षा सिवाकोटी, अमर प्रताप श्रेष्ठ, रेजिना उप्रेती लगायत दर्शकसँग भेट्न काठमाडौंका केही हल पुगेका थिए । कति दर्शकले फिल्मको दोस्रो भाग पनि 'डिमान्ड' गरेका थिए । यद्यपि, फिल्मको व्यापार अपेक्षाकृत छैन । शुक्रबार र शनिबार भने केही शोजमा भरिभराउ दर्शक देखिएका थिए । लास हिँड्छ र बोल्छ भन्ने जनविश्वासमा 'मोदीबेनी' आधारित छ ।

# 'नमेटिने घाउ' पोस्टरमा एसिड पीडितको पीडाभाव, चेतावनी शैलीमा प्रधानमन्त्री ओली



काठमाडौं/अभिनेता रमित ढुंगानाको निर्माण र निर्देशनमा बनेको फिल्म 'नमेटिने घाउ' आगामी भदौ ७ गतेबाट प्रदर्शनमा आउँदैछ । वर्तमान प्रधानमन्त्रीदेखि पूर्व प्रधानमन्त्रीसम्मको अभिनयका कारण चर्चामा रहेको फिल्मको सोमबार फर्स्ट लुक पोस्टर सार्वजनिक गरिएको छ । एसिड पीडितको पीडाभाव दर्शाइएको पोस्टरमा प्रधानमन्त्री केपी शर्मा ओली औंला ठड्याउँदै चेतावनी शैलीमा प्रस्तुत छन् ।

एसिड आक्रमणमा परेका ३३ जना पीडितहरूको कथामा आधारित भएर बनेको फिल्ममा प्रधानमन्त्री ओलीसहित पूर्व प्रधानमन्त्री माधव नेपाल, राप्रपाका सांसद ज्ञानेन्द्र शाही, मुस्कान खातुन, रचना गौतम, प्राप्ति पौडेल ,इभा गिरी, कमल देवकोटा, सन्दीपबाबु लोहनी, प्रभात पल ठकुरी, आरती आचार्य, सुरवीर पण्डित, सुनिल कटुवाल, अपेक्षा न्यौपाने, क्रान्ति शाह लगायतको अभिनय छ ।

यसमा शिवम् अधिकारीको लेखन छ । उनले पटकथा लेखनमा मात्र साढे २ वर्ष लगाएका थिए ।

रमित ढुंगाना फिल्म प्रोडक्शनको ब्यानरमा निर्माण भएको 'नमेटिने घाउ'मा नीरज कँडेलको छायाङ्कन, बनिश शाहको सम्पादन, ओम सुनारको संगीत तथा किरण ढकालको द्वन्द्व निर्देशन छ । दर्जनौं म्यूजिक भिडियोको निर्देशन गरि सकेका रोजल थापा 'नमेटिने घाउ'को सहायक निर्देशक हुन् ।

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

# मकवानपुरमा दिनमै ३ वटा सम्बन्धविच्छेदको मुद्दा

साझाकुरा संवाददाता

हेटौंडा, २१ साउन/ मकवानपुर जिल्ला अदालतमा गत आर्थिक वर्ष २०८०/८१ मा ८ सय ३१ सम्बन्धविच्छेदका मुद्दा दर्ता भएका छन् । जसमध्ये ६ सय ६७ मुद्दा फर्छ्यौट भएका छन् ।

एकसय ६४ थान मुद्दा फर्छ्यौट हुन बाँकी रहेका छन् । सम्बन्धविच्छेदका लागि महिला र पुरुष दुवैले मुद्दा दर्ता गराएका छन् । अदालतमा दर्ता भएका मुद्दाको तथ्यांकअनुसार जिल्ला अदालतमा सरदरमा दैनिक ३ वटा सम्बन्ध विच्छेदका मुद्दा दर्ता हुने गरेको हो । सम्बन्धविच्छेदका लागि दर्ता भएकामध्ये २ सय ५ मुद्दा पुरुषले दर्ता गराएका छन् । चालु आवको साउन महिनाको २० गतेसम्म सम्बन्धविच्छेदका ४५ वटा मुद्दा दर्ता भइसकेको अदालतले जनाएको छ ।

जिल्ला अदालत मकवानपुरमा आव ०८०/८१ मा ३ हजार ८ सय ७१ मुद्दा दर्ता भएका थिए । तीमध्ये २१ दशमलव ४६ प्रतिशत अर्थात् ८ सय ७१ थान सम्बन्ध विच्छेदका मुद्दा दर्ता भएको अदालतका श्रेस्तेदार लेखनाथ पौडेलले जानकारी दिए । सम्बन्धविच्छेदका लागि आएका अधिकांश महिलाले पति एवम् घर-परिवारको हिंसा सहन नसकेर अदालतको ढोका ढक्ढक्याउन आउने गरेका छन् ।

श्रेस्तेदार पौडेलका अनुसार बालविवाह पनि क्रमश: सम्बन्ध विच्छेदमा परिणत हुन थालेको छ । '२१/२२ वर्षका युवतीहरु २/३ वटा बच्चा लिएर सम्बन्धविच्छेदका लागि अदालतमा आउने गरेका छन् । उनीहरुको विवाह १५/१६ वर्षको उमेर भएको देखिन्छ,' उनले भने, 'सम्बन्धविच्छेदका लागि अदालतमा दर्ता भएका यस्ता मुद्दा प्रशस्तै छन् ।,' 'मुलुकमा नयाँ संहिता कार्यान्वयनमा आएपछि सम्बन्धविच्छेदका लागि पुरुषलाई पनि सहज बनाएको छ, जसले गर्दा सम्बन्धविच्छेदका मुद्दा अदालतमा ह्वात्तै बढेका छन्,' अधिवक्ता मदन दाहालले भने ।

महिलासरह पुरुष पनि सम्बन्धविच्छेदका लागि अदालत जानसक्ने कानुनी व्यवस्था गरिएको छ । नयाँ संहिता लागू भएपश्चात् मकवानपुरमा सम्बन्धविच्छेद गर्न कानुनी उपचार खोज्दै अदालतको ढोका ढक्ढक्याउने पुरुषको संख्या पनि बढेको छ । नयाँ संहिता कार्यान्वयनमा नआउँदासम्म पुरुषले सम्बन्धविच्छेदका लागि अदालतमा निवेदन दर्ता गराउने व्यवस्था थिएन ।

नयाँ देवानी संहिताको भाग ३ को परिच्छेद ३ मा सम्बन्ध विच्छेदसम्बन्धी व्यवस्था छ । त्यसमा महिलाका लागि भएका व्यवस्था पुरुषका लागि पनि राखिएका छन् । यसपछि पत्नीसरह पतिले पनि सम्बन्धविच्छेद गर्न सक्ने भएका हुन् । लगातार तीनवर्ष बेखबर घरबाहिर बसेमा, अङ्गभङ्ग हुनेगरी कुटपिट गरेमा, शारीरिक र मानसिक हिंसा गरेमा पत्नीविरुद्ध पति पनि अदालत जान सक्छन् । पत्नीले कुनै परपुरुषसँग यौन सम्बन्ध राखेको अवस्थामा पनि सम्बन्धविच्छेद हुन सक्छ ।

# विपदले हालसम्म १ सय ५४ जनाको मृत्यु

साझाकुरा संवाददाता

हेटौंडा, २१ साउन/ अविरल वर्षाको कारण विभिन्न विपद्का घटनामा परेर अहिलेसम्म १५४ जनाको मृत्यु भएको छ । गत जेठ २८ गतेदेखि देशका विभिन्न स्थानमा आएको बाढी, पहिरोमा परेर सोमबार दिउँसोसम्म १५४ जनाको मृत्यु भएको प्रहरी प्रधान कार्यालयले जनाएको हो ।

बाढी, पहिरो लगायत विपद्मा परेर सबैभन्दा बढी गण्डकी प्रदेशमा ४३ जना, बागमती प्रदेशमा ३० जना, लुम्बिनी प्रदेशमा २९ जना, कोशी प्रदेशमा २५ जना, सुदूर पश्चिम प्रदेशमा १० जना, कर्णाली प्रदेशमा ८ जना, मधेश प्रदेशमा ६ जना र काठमाडौं उपत्यकामा ३ जना गरेर जम्मा १५४ जनाको मृत्यु भएको प्रहरीप्रवक्ता समेत रहेका प्रहरी नायवमहानिरीक्षक (डीआईजी) दानबहादुर कार्कीले जानकारी दिए ।

कार्कीका अनुसार कर्णाली प्रदेशमा ५१ जना, कोशी प्रदेशमा ३७ जना, गण्डकी प्रदेशमा ३४ जना, बागमती प्रदेशमा १९ जना, सुदूरपश्चिम प्रदेशमा १४ जना, लुम्बिनी प्रदेशमा ११ जना, मधेश प्रदेश र काठमाडौं उपत्यकामा १०-१० जना गरेर जम्मा १८६ जना घाइते भएका छन् ।

घाइतेलाई उपचारको लागि स्थानीय अस्पताल लगिएको प्रहरीप्रवक्ता डीआईजीपी कार्कीले बताए । उनका अनुसार कोशी प्रदेशमा ४९ जना, काठमाडौं उपत्यकामा २६ जना, गण्डकी प्रदेशमा १४ जना, बागमती प्रदेशमा १२ जना, सुदूर पश्चिाम प्रदेशमा ५ जना र कर्णाली प्रदेशमा २ जना गरेर जम्मा १०८ जनाको उद्धार गरिएको छ ।

बाढीपहिरोमा परी बागमती प्रदेशमा ४२ जना, कोशी प्रदेशमा २ जना, गण्डकी प्रदेश, कर्णाली प्रदेश र सुदूरपश्चिम प्रदेशमा १-१ जना गरी ४७ जना वेपत्ता भएका छन् । उनीहरुको खोजीकार्य जारी रहेको प्रहरीले जनाएको छ ।

बाढीको कारण जम्मा ३८४ घर डुबानमा परेका छन् भने २६१ घर, ९५ गोठ, ४३ पुल, २ वटा विद्यालय र २ वटा सरकारी कार्यालयमा क्षति पुगेको छ । यस्तै ७ सय ४३ वटा पशुचौपायको मृत्यु भएको छ । यस अवधिमा विपद्का घटनाबाट ४ हजार २३८ घर परिवार विस्थापित भएका छन् ।

बाढीपहिरोको जोखिममा रहेका विभिन्न जिल्लाका विभिन्न घरपरिवारलाई सुरक्षित स्थानमा राख्ने, पहिरोमा पुरिएका धनमाल निकालेर सुरक्षा गर्ने काम विभिन्न निकाय र स्थानीयबासीको समन्वय र सहयोगमा भइरहेको र विभिन्न स्थानमा भएको बाटो अवरोध हटाउने कार्य भइरहेको प्रहरीले जनाएको छ ।

# हेटौंडा-गैरीगाउँ साइकल लेन बनाउन सांसद सिंहसमक्ष माग

साझाकुरा संवाददाता

हेटौंडा, २१ साउन/ हेटौंडा-काठमाडौंजोड्ने कान्तिलोकपथ खण्डको करिब ६ किलोमिटर क्षेत्रमा साइकल लेन निर्माण गर्न प्रस्ताव गरिएको छ । हेटौंडाको सानोपोखरादेखि चुच्चेखोलाको गैरीगाउँसम्म कान्तिलोकपथको दायाँबायाँ सडकपेटीमा साइकल लेन निर्माण गर्न माग गरिएको हो ।

हिमालयन राइडर्स सोसाइटी मकवानपुरका सदस्यहरुले प्रतिनिधिसभा पूर्वाधार विकास समितिका सभापति तथा मकवानपुरे सांसद दीपकबहादुर सिंहसमक्ष कान्तिलोकपथमा साइकल लेन निर्माण गर्न प्रस्ताव गरेका हुन् । सानोपोखरा चोकदेखि गैरीगाउँसम्म सडकको दायाँबायाँ ब्यवस्थित ढलसहितको पेटी निर्माण गर्ने योजनामा साइकल लेन राख्ने प्रस्ताव गरिएको सोसाइटीका कार्यबाहक अध्यक्ष राजु थापामगरले बताए । कान्तिलोकपथको ६ किमि सडक खण्डलाई सडक पेटी, ढक्कनसहितको नाला ब्यवस्थापन गर्ने कार्यको बोलपत्र आब्हान गर्ने तयारी भइरहेको जानकारीमा आएकोले यो योजनामा साइकल लेन समाबेश गर्न आग्रह गरिएको थापामगरले बताए ।

सडक पेटी निर्माण गर्ने क्रममा साइकल लेन समाबेश गर्दा खासै लागत बृद्धि नहुने र सडक दुर्घटना पनि न्यून हुने भन्दै सोसाइटीले पूर्वाधार विकास समितिका सभापति सांसद सिंहसमक्ष प्रस्ताव राखेको सोसाइटीका अध्यक्ष थापामगरले जानकारी दिए । सडकको दुबैतर्फ साइकल लेन निर्माण गर्दा नेपालकै नमूना साइकल लेन बन्ने र हेटौंडालाई साइकल सहरको रुपमा पहिचान दिन सकिने सोसाइटीको धारणा छ । 'हामीले माननीयज्यूसमक्ष साइकल लेन निर्माण गर्ने प्रस्ताव राखेका छौं, यसमा माननीयज्यूको पनि ध्यानाकर्षण भएको छ, उहाँले सकारात्मक बचन दिनुभएको छ' सोसाइटीका अध्यक्ष थापामगरले साझाकुरासँग भने । सडकको दुबैतर्फ



साइकल लेन निर्माण गर्ने र नगर क्षेत्रमा एउटा साइकल एकेडेमी स्थापना गर्ने विषयमा पूर्वाधार विकास समिति सभापति सांसद सिंहसमक्ष प्रस्ताव राखिएको सोसाइटीका संस्थापकअध्यक्ष चेतनाथ आचार्यले जानकारी दिए । सांसद सिंहसमक्ष सोमबार भएको भेटमा यस्तो प्रस्ताव राखिएको आचार्यले जानकारी दिएका छन् ।

सडकको दुबैतर्फ ढल सहितको पेटी निर्माण गर्दा पैदलयात्रुलाई र साइकल लेन बिस्तार गर्दा सडक अपाङ्गमैत्री पनि हुने भएकोले यस्तो प्रस्ताव राखिएको सोसाइटीले जनाएको छ ।


## शिक्षक आवश्यकता

यस जीएस निकेतन मावि‌का लागि तपसील बमोजिम शिक्षक, कर्मचारी करारमा नियुक्त गर्नुपर्ने भएकोले तपशिलको योग्यता पुगेका इच्छुक योग्य नेपाली नागरिकबाट दरखास्त आव्हान गरिन्छ ।

| क्रस | पद | विषय | संख्या | न्यूनतम शैक्षिक योग्यता |
|---|---|---|---|---|
| १ | माध्यमिक शिक्षक | अ. गणित | १ | मुख्य विषय गणित लिई बीए/बीएड उत्तीर्ण |
| २ | प्राथमिक शिक्षक | गणित | १ | मुख्य विषय गणित लिई १२ कक्षा उत्तीर्ण |
| ३ | प्राथमिक शिक्षक | नेपाली | १ | मुख्य विषय नेपाली लिई १२ कक्षा उत्तीर्ण |
| ४ | प्राथमिक शिक्षक | कम्प्युटर | १ | मुख्य विषय कम्प्युटर लिई १२ कक्षा उत्तीर्ण |
| ५ | कार्यालय सहायक/ आइटी सहयोगी | प्रशासन | १ | वाणिज्य संकायमा कम्प्युटर लिई १२ कक्षा उत्तीर्ण। अनुभवी दक्षलाई प्राथमिकता (पहिले प्रयोगात्मक परीक्षा हुनेछ ।। |

आवेदन दिने अन्तिम मिति : २०८१/५/२ गते दिनको ४ बजेसम्म
उमेर: १८ वर्ष पुरा भई ४० ननाघेका
लिखित परीक्षा : २०८१/५/३ गते दिनको १ बजे
आवश्यक कागजात : नागरिकताको प्रतिलिपि, शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि, हस्तलिखित निवेदन र पासपोर्ट साइजको फोटो ।
आवेदन शुल्क : प्राथमिक शिक्षक/कार्यालय सहायक: १५०० /-
माध्यमिक तह: २,००० /-
परीक्षाको किसिम : लिखित, अन्तरवार्ता र कक्षा अवलोकन ।
पाठ्यक्रम: मावि तहका लागि शिक्षक सेवा आयोगको विषयगत पाठ्यक्रम १०० अंक र प्राथमिक तहका लागि निमावि तहको सम्बन्धित विषयगत पाठ्यक्रम । कार्यालय सहायकका लागि विद्यालयले उपलब्ध गराउनेछ ।

**ज्ञानदीप शिक्षा (जीएस) निकेतन मावि**
हेटौंडा-५, भैरवरोड
०५७-५२३४१५/९८५५०६११८४/९८५५०६१२८४


# निर्माण व्यवसायीका समस्या समाधान गर्ने मुख्यमन्त्री लामाको वचन

साझाकुरा संवाददाता

हेटौंडा, २१ साउन/ बागमती प्रदेशका मुख्यमन्त्री बहादुर सिंह लामाले निर्माण व्यवसायीको समस्याबारे आफू जानकार रहेको बताउँदै निर्माण व्यवसायको समस्या समाधानका लागि पहल गर्ने प्रतिबद्धता व्यक्त गरेका छन् ।

बागमती प्रदेश निर्माण व्यवसायी महासंघले सोमबार राजधानीमा गरेको बधाइ एवम् शुभकामना कार्यक्रममा मुख्यमन्त्री लामाले निर्माण व्यवसायीको समस्यालाई विगतका सरकारले गम्भीररुपमा नलिएको बताए ।

विगतमा आफू प्रदेशको अर्थमन्त्री हुँदा व्यवसायीको कुनै पनि भुक्तानी नरोकिएको स्मरण गराउँदै मुख्यमन्त्री लामाले व्यवसायीलाई भुक्तानी नदिने तर, योजना मात्र थप्ने परिपाटी घातक भएको बताए ।

विकास समितिमा रहँदा पनि निर्माण व्यवसायीको हकहितका लागि काम गरेको मुख्यमन्त्री लामाको भनाइ थियो ।

'निर्माण व्यवसायीको समस्या नबुझी उनीहरुलाई एकोहोरो गाली गर्ने प्रवृत्ति विलकुल ठीक होइन,' मुख्यमन्त्री लामाले भने । कार्यक्रममा नेपाल निर्माण व्यवसायी महासंघका उपाध्यक्ष बालकृष्ण थापाले निर्माण व्यवसाय चलायमान नहुने हो भने आर्थिक समृद्धि हुन नसक्ने बताए ।

कार्यक्रमका सभापति एवम् बागमती प्रदेश निर्माण व्यवसायी महासंघका अध्यक्ष सुवित श्रेष्ठले निर्माण व्यवसायीको मर्का बुझेकाहरु राज्यसत्तामा रहँदा निर्माण उद्योगको विकास हुनेमा आशावादी रहेको बताए । काठमाडौं उपत्यका निर्माण व्यवसायी संघका अध्यक्ष कृष्ण गौतमले निर्माण उद्योगमा भुक्तानीको समस्या सबैभन्दा विकराल रहेको बताए ।

बागमती प्रदेश निर्माण व्यवसायी महासंघका वरिष्ठ उपाध्यक्ष राजाराम न्हिसुतुले अब चाँडै निर्माण व्यवसायीको सबै समस्या समाधान हुने बताए । बागमती प्रदेश निर्माण व्यवसायी महासंघका महासचिव राजकुमार बुढाथोकीले निर्माण व्यवसायमैत्री ऐन कानून अपरिहार्य भएको बताए ।

# नेकपा एसको केन्द्रीय कमिटीमा मकवानपुरका ९ जना

साझाकुरा संवाददाता

हेटौंडा, २१ साउन/ नेकपा (एकीकृत समाजवादी) दसौं राष्ट्रिय महाधिवेशनबाट निर्वाचित ३ सय ४४ सदस्यीय केन्द्रीय कमिटीमा मकवानपुरका ९ जना नेता परेका छन् ।

पहिलो घोषणा भएको ९३ सदस्यीय केन्द्रीय कमिटीमा स्थायी कमिटी सदस्यद्वय ललित बस्नेत र विरोध खतिवडा तथा पोलिटब्युरो सदस्य घनप्रसाद गौतम परेका थिए भने शुक्रबार सम्पन्न केन्द्रीय समिति बैठकले थप ६ नेतालाई केन्द्रीय समितिमा चयन गरेको हो । चयन भएका नेताहरुमा पूर्वकेन्द्रीय सदस्यहरु मुनु सिग्देल, राजाराम स्याङ्तान, गोमाकुमारी तिमिल्सिना, मीनाकुमारी लामा, गोविन्दराम चेपाङ दोहोरिएका छन् । यस्तै, केन्द्रीय निर्वाचन आयोग सदस्य रहेका रामचन्द्र बल पनि यसपटक केन्द्रीय सदस्य भएका छन् ।

# स्वास्थ्यक्षेत्रको विकृति हटाउने मन्त्री थापाको प्रतिबद्धता

साझाकुरा संवाददाता

हेटौंडा, २१ साउन/ बागमती प्रदेशका स्वास्थ्यमन्त्री किरण थापाले स्वास्थ्यक्षेत्रको विकृति र बिसङ्गति हटाउने गरी काम गर्ने बताएका छन् । स्वास्थ्यक्षेत्रमा कमिकमजोरीका कुरा सुनिने गरेको भन्दै यसको न्यूनीकरणका लागि सदैव तत्पर रहने बताए ।

सोमबार भक्तपुरको सूर्यविनायक नगरपालिका-९ नखेलस्थित नन्दिकेशर महादेव मन्दिरमा भइरहेको श्रावणी मेलामा प्रमुखअतिथि रहेका मन्त्री थापाले स्वास्थ्यसेवाबाट कोही पनि बञ्चित हुन नहुने बताए । जनताको काम गर्न आफू मन्त्री भएको भन्दै उनले लोभलालचमा आफू नफस्ने स्पष्ट पारे ।

आफूले मन्त्रीको पदभार ग्रहण गरेकै दिन क्यान्सरका बिरामीलाई एक लाख रुपैयाँ सहयोग उपलब्ध गराउने निर्णय भएको जानकारी दिए । मन्त्री थापाले भने, 'विगतमा प्रदेश सरकारले विपन्न परिवारका क्यान्सरपीडितलाई ५० हजार सहयोग गर्ने गरेको थियो । अबदेखि एक लाख दिने निर्णय भएको छ ।,'

उनले भक्तपुरमा धेरै धार्मिकस्थल भएकोले यसको प्रवर्द्धनमा प्रदेश सरकार लाग्ने बताए । सबै धार्मिकस्थलमा दर्शनका लागि सहज पहुँचका लागि प्रदेश सरकारसँग समन्वय गर्ने जानकारी दिए । प्रदेशसभा सदस्य निर्वाचित भएपछि नै स्वास्थ्य, शिक्षा, पूर्वाधार सँग धार्मिक पर्यटन प्रवर्द्धन एवम् अन्य विकास निर्माणमा आफूले सहजीकरण गरिरहेको उनले बताए ।





## सूचना ! सूचना !! सूचना !!!

*अब किन जानु पर्‍यो विदेश ?*

हामी कहाँ आउनुस्
छानीछानी सुमो किनेर
आफैं साहु बन्नुस्




हामी कहाँ २००७ देखि २०१६ मोडलको सिरिजको रुपमा चलिरहेको TATA SUMO बिक्रीका लागि उपलब्ध छन् ।

आजै सम्पर्क गर्नुहोस्
**Singhababini Moto Corp Pvt. Ltd.**
९८०२५३७८३१, ९८०२५३७७०८, ९८०२५३७७०५

## हाम्रो सुमो सेवाको



नयाँ प्रस्तुति...

**Electric Van (EV)**
**विद्युतीय यात्रुबाहक सेवा**





२०६८ सालदेखि हेटौंडा स्थापना भएर यात्रुहरुलाई आरामदायी र भरपर्दो **सुमो सेवा** प्रदान गर्दै आएको यस कम्पनीले अब **विद्युतीय सवारीसाधन Electric Van (EV)** मा गुणस्तरीय सेवा शुभारम्भ गर्न लागेको सगौरव जानकारी गराउँदछौं ।

**हेटौंडा–काठमाडौं–हेटौंडा** **हेटौंडा–वीरगञ्ज–हेटौंडा**

*सधैं झैं आरामदायी यात्राको लागि सम्झनुहोस्*

साथै, यस कम्पनीद्वारा सञ्चालित **EV**, साझा बस, स्कार्पियो तथा सुमो जीप भाडामा चाहिएमा सम्पर्क गर्नुहोस् ।

सञ्चालक: भेष खड्गी
**हाम्रो सुमो सेवा**
हेटौंडा-४, मेनरोड (बलराम दास पेट्रोल पम्पनजिकै)
९८४५४५७५०७, ९८५५०६८८७३


साझाकुरा राष्ट्रिय दैनिकका लागि **सबिन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना